Vol. 1, Issue 8, June-July, 2014

HOT NEPAL Monthly

# हट नेपाल

वर्ष १, अंक ८, असार २०७१, मूल्य रू ३०।-



## गरिमाको सफलता

## मनसुन फेसन लहर

विश्वकपमय फेसन

कोहिनुर जोडीको मनसुन बिहे

सेलिब्रेटीको मापन

स्टोन फरेष्टको रोचक यात्रा


calvinklein.com
watches
SULUX CENTRE
Hotel Woodland Complex, Durbarmarg, Kathmandu, Nepal.
Calvin Klein
swiss made


Waterfront Resort Pokhara
KGH
HOTELS
Wherever you are, we are always at your service
Kathmandu Guest House, Thamel, 4700632
Park Village Resort, Buddhanilkantha, 4375280
Waterfront Resort, Lake Side, Pokhara, 61466304
Buddha Maya Gardens, Lumbini, 71580220
Maruni Sanctuary Lodge, Chitwan, 56580160
Park Vision Inn, Nagarkot, 06205839
Pokhara View, Pokhara, 61462592
Waterfront Resort Features
a premium eco-friendly hotel on the lake side
60 rooms, 2 conference halls, 2 restaurants
Tel: 61 466 304 www.ktmgh.com

Vol. 1, Issue 8, June-July, 2014

# हट नेपाल

HOT NEPAL Monthly

वर्ष १, अंक ८, असार २०७१

मनोरञ्जन र जीवनशैली मासिक




आवरण तस्वीर : शिवलाल श्रेष्ठ

**प्रधान सम्पादक**
व्याकुल पाठक

**सम्पादक**
श्याम स्मृत

**फोटोग्राफर**
राजीव श्रेष्ठ, अजय देशार

**मार्केटिङ**
बबिता सिंखडा

**लेआउट/ग्राफिक**
श्याम स्याङ्बो

**प्रबन्ध निर्देशक**
कल्पना उप्रेती

**प्रमुख अधिकृत वितरक/काठमाडौं**
काष्ठमण्डप डिस्ट्रिब्युसन प्रालि
भोर्छे, काठमाडौं, फोन : ०१-४२४७२४१

**प्रमुख अधिकृत वितरक/मोफसल**
एलाइट न्यूजपेपर डिस्ट्रिब्युटर
नरदेवी, काठमाडौं, फोन : ०१-४२६१९४८

**मुद्रक**
प्रिजम कलर स्क्यानिङ एण्ड प्रेस
सपोर्ट प्रालि, कुलेश्वर, काठमाडौं

**प्रकाशक**
Dream Nepal Publications (P.) Ltd.
ड्रिम नेपाल पब्लिकेसन्स प्रालि
गोंगबु, काठमाडौं
फोन : ०१-४३५६१४१



## ९ सार्क नायिका गरिमा

म लक र अनलकमा विश्वास गर्दिनँ । लक्की र अनलक्कीभन्दा म कर्ममा विश्वास गर्छु । कर्मले नै सबैलाई उत्कृष्ट बनाउने गर्दछ । यसैमा मात्र मेरो विश्वास छ । भोलामा मैले गरेको कर्मले नै कोलम्बोमा सार्ककै उत्कृष्ट हिरोइन बन्न सफल भएकी छु ।



## २२ श्वेता-श्रीकृष्णको बिहेको साइत

कोहिनूर फिल्म रिलिजको संघारमा दुवैले दर्शकलाई सरप्राइज प्याकेजको रुपमा प्रेमलाई खुलासा गरे । बिहे गर्ने दुवैबाट घोषणा भयो । श्रीकृष्णको परिवारले घरसम्मै आएर श्वेतालाई मागे । श्वेताले पनि नाइँ भन्न सकिनन् ।

## २८ सेलिब्रेटीको मापन



विश्वबजारमा सेलिब्रेटीका फरक प्रसंग आउँछन् । उनीहरुले गरेका कामका फरक चर्चा गरिन्छ । नेपाली नयाँ पुस्ताले सेलिब्रेटीको गतिविधि राम्रोसँग चिन्न सकेका छैनन् । अक्षयकुमार नेपाल आउँदा देखिएको भीड र नेपाली कलाकारहरु सडकमा ठोक्किँदा वास्ता नगर्ने आजको पुस्ताले सेलिब्रेटीको अर्थ बुझ्नुपर्ने हुन्छ ।



## ३० विश्वकपमय फेसन

अहिले नेपालीहरुको मनमुटुमा विश्वकप ज्वरो बढेको छ । कतिपय कार्यालयमा विश्वकप खेलिरहेका विभिन्न देशका जर्सी लगाएर काम गर्ने कर्मचारीहरु प्रशस्त देखिन थालेका छन् । चार वर्षमा एकपल्ट आयोजना हुने विश्वकप फुटबल भएर पनि होला नेपाललगायत अन्य राष्ट्रमा यस्तो क्रेज तथा फेसन उर्लेको खेलमनोविज्ञहरूको बुझाइ छ ।

## रोमान्टिक पियानो वादक ३८



पियानो बजाउने उत्कृष्ट स्तरका ली युन दिले हरेक वर्ष यूरोप, अमेरिका र एशियाका सबैभन्दा प्रसिद्ध हलहरुमा कन्सर्ट आयोजनाको निमन्त्रणा पाउने गरेका छन्। पश्चिमा मुलुकहरुमा ली युन दिलाई 'रोमान्टिक समूहका पियानो उत्तराधिकारी' मानिन्छ।

Registration number **DAO KTM 216/070/71** | **Hot Nepal**, Entertainment & Lifestyle monthly magazine is published by **Dream Nepal Publiications Pvt. Ltd.** | **Address:** Gongabu, Kathmandu, **Phone:** 01-4356141 | **Email :** hotdreamnepal@gmail.com | Managing Director: **Kalpana Upreti** | Chairman and Editor-in-Chief: **Byakul Pathak**

सम्पादकीय



# सिर्जनशील मनसुन

पृथ्वीको गति अनुसार परिवर्तन भइरहने ऋतुहरूको आफ्नै महत्व रहेका छन् । यदि ऋतुहरु परिवर्तनशील नभइदिएका भए संसार यति रमाइलो हुने थिएन । मान्छेको रूचि र स्वभावका कारण ऋतुहरु लोकप्रिय र अलोकप्रिय ठानिए पनि यो भ्रम मात्र हो । यदि ग्रहण गर्न सक्ने शक्ति र समय-परिस्थिति अनुकूल रमाउन सक्ने क्षमता भएमा सबै ऋतुमा उत्तिकै आनन्द लिन सकिन्छ । अहिले आइपुगेको वर्षा ऋतु कसैलाई नरमाइलो लाग्न सक्छ तर अधिकांशका लागि यो रमाइलो र सिर्जनशील याम हो । यही ऋतुमा सर्वत्र हरियाली देखिन्छ र प्राणीका लागि अत्यावश्यक अन्न उत्पादनको काम पनि गर्ने गरिन्छ । त्यसैले यो यामको महत्व अवश्य पनि बढी नै छ । यही ऋतुमा प्रचण्ड गर्मीका बीच चल्ने शीतल हावा र मनसुनी वर्षाले मनलाई प्रफुल्लित पार्ने गर्छ । मनसुनी हावा तथा वर्षामा रमेर हिंड्ने जमातको पनि कमी देखिँदैन । विशेषतः तन्नेरी जमातलाई यो मौसमले बढी नै आकर्षित गर्ने गरेको छ । उनीहरु यो मौसमको लागि विशेष तयारी गर्ने गर्दछन् । खानपिनदेखि फेसनसम्म मनसुन अनकूल अपनाइरहेका हुन्छन् । मनसुनमा विशेष परिकार खाने तथा पहिरन लगाउनेको भीडलाई समर्थन दिन विभिन्न होटल-रेष्टुरेन्टदेखि ब्युटीपार्लर-बुटिकसम्मले विशेष योजना नै ल्याउने गरेका छन् । ती विशेष प्याकेज, परिकार तथा पहिरनमा रम्नेहरूले मनसुन मनमोहक बन्ने गरेको छ । काठमाडौं र काठमाडौं बाहिरका प्रमुख शहरहरूमा मनसुनी विशेष भनेर विभिन्न प्याकेज कार्यक्रम नै विभिन्न निकायले संचालनमा ल्याउने गरेका छन् । पोखराका विभिन्न होटलहरूले आन्तरिक नेपाली पर्यटकलाई समेत आकर्षित गर्न विशेष छुट कार्यक्रम ल्याएका छन् । लेकसाइडस्थित दर्जनौं स्पा तथा ब्युटी थेरापी सेन्टरहरूले विभिन्न मनसुनी स्टाइललाई आकर्षक रूपमा उपभोक्ता समक्ष ल्याएका छन् ।

काठमाडौंका कतिपय बुटिक तथा ब्युटी थेरापीहरूमा मनसुनी वाटरप्रुफ पहिरन तथा वाटरप्रुफ कस्मेटिकलाई प्राथमिकता दिएको पाइन्छ । त्यस्ता पहिरन तथा फेसनले मनसुनी वर्षामा भिजे पनि सामान्य असरबाहेक अरू खासै फरक नपार्ने धारणा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित विज्ञहरूको छ । मनसुनी पहिरनमा पानी नसोस्ने तथा मेकअप कस्मेटिकमा पानीले नपखाल्ने भएकोले मनसुनी पहिरन तथा फेसनले नयाँ आयाम थप्ने गरेको छ । मनसुनी प्रभावले विभिन्न रोग बढ्ने भएकोले त्यसतर्फ सचेत हुन सरकारले विभिन्न संचार माध्यमबाट सचेत गराउने कार्य गर्ने गरेको छ । अर्कोतर्फ सरकारी तथा निजी अस्पताल र क्लिनिकहरूले सोहीअनुरूप तयारी गरेको पाइएको छ । पानीको माध्यमबट सर्ने विभिन्न सरुवा रोग नियन्त्रण गर्न टेकुस्थित सरूवा रोग अस्पतालले विभिन्न सचेतना कार्यक्रम पनि ल्याउने गर्दछ । यो अस्पतालमा विशेषतः यो वर्षा याममा झाडापखाला रोगका बिरामीहरूको बढी भीड हुने गर्छ । विशेष गरेर यस मौसममा पानी उमालेर मात्र खानुपर्ने स्वास्थ्यविज्ञहरूको भनाइ रहने गरेको छ । मनसुनलाई रोमाञ्चक बनाउन चाहनेहरु आन्तरिक पर्यटकको रूपमा नगरकोट, धुलिखेल, पोखरा, सौराहा, भेडेटार जस्ता स्थानमा पुगेर रम्ने नेपाली तन्नेरीहरु पनि पाइएको छ । उनीहरु यो मनसुनलाई प्रेममय मौसम भन्न पनि रूचाउने गर्दछन् । जसरी जे गरेर भए पनि मनसुनलाई रोमान्टिक बनाउनेतर्फ सबै वर्ग र उमेर समूहका मानिस लालायित भएको पाइन्छ ।

ग्रामीण इलाकामा हिलो खेल्दै असारे गीतको भाकामा वर्षभरिलाई पुग्ने अन्न रोप्ने काम भइरहेको हुन्छ भने शहरी इलाकामा पनि मनसुनसँग रूझ्दैभिझ्दै आ-आफ्नो गन्तव्यतिर लम्किरहेका विभिन्न उमेर समूहका व्यक्तिहरु देख्न सकिन्छ । सधैं पानीको अभाव देखिने राजधानीवासीले यो मौसममा अलिकति राहत महसुस गर्छन् भने लोडसेडिङ पनि घट्ने हुँदा सबैका लागि उत्साहजनक हुने गरेको छ । त्यसैले यो मौसमलाई नरूचाउनेहरु पनि पानी र बिजुलीको उपलब्धताका कारण मनपराउने गरेका छन् । अन्य बेलाको वर्षामा रूझ्दा शरीरलाई बेफाइदा पुग्ने भए पनि यो मौसमको रूझाइले समस्या सिर्जना नगर्ने मान्यता पनि रहेको छ । यो मौसममा रूझ्दाको आनन्द बेग्लै हुने प्रतिक्रिया हट नेपालसँगको साक्षात्कारमा केही सेलिब्रेटीहरूले दिएका छन् । कुनै पनि ऋतु समस्या नभई आनन्द बोकेर आएका हुन्छन्, मात्र मानिसले ऋतु अनुसार रमाउन जान्नुपर्छ । त्यसमा रमेर बाँच्न सक्नुपर्छ । यसैमा जीवनको आनन्द लुकेको हुन्छ । जीवनलाई ऋतु अनुसार ढालेर आनन्द लिन नसक्नेहरु भने सधैं पछुताइरहेका हुन्छन् । उनीहरु जाडोमा गर्मीको चाहना गरिरहेका हुन्छन् भने गर्मीमा जाडो खोजिरहेका हुन्छन् अनि वर्षामा हिउँद त हिउँदमा वर्षाको यादमा तड्पिरहेका हुन्छन् । यसो गर्नु उचित होइन । ऋतुलाई रोक्न सक्ने र यसको परिवर्तनको सिलसिलालाई बिथोल्न सक्ने सामर्थ्य कसैसँग छैन । त्यसैले ऋतु अनुकूल नै आफूलाई तयार पारेर परिवर्तनको नियमलाई आत्मसात गर्नु नै बुद्धिमानी हुन्छ ।

**व्याकुल पाठक**
**प्रधान सम्पादक**

**कुनै पनि ऋतु समस्या नभई आनन्द बोकेर आएका हुन्छन्, मात्र मानिसले ऋतुअनुसार रमाउन जान्नुपर्छ । त्यसमा रमेर बाँच्न सक्नुपर्छ । यसैमा जीवनको आनन्द लुकेको हुन्छ । जीवनलाई ऋतुअनुसार ढालेर आनन्द लिन नसक्नेहरू भने सधैं पछुताइरहेका हुन्छन् । उनीहरु जाडोमा गर्मीको चाहना गरिरहेका हुन्छन् भने गर्मीमा जाडो खोजिरहेका हुन्छन् अनि वर्षामा हिउँद त हिउँदमा वर्षाको यादमा तड्पिरहेका हुन्छन् । यसो गर्नु उचित होइन । ऋतुलाई रोक्न सक्ने र यसको परिवर्तनको सिलसिलालाई बिथोल्न सक्ने सामर्थ्य कसैसँग छैन ।**

## हट केकजस्तो हट नेपाल

बिहेलाई केवल नाराको रूपमा अगाडि बढाउँदै आएका महानायक राजेश हमालको अन्ततः बिहे भएको खबर हट नेपालको कभर स्टोरी पढेरै थाहा पाएँ । हट नेपालको कभर फोटो नै हमाल दम्पतीको भएबाट हट नेपाल यसपल्ट हट केक नै बनेको छ । यसको लागि हट नेपाल टीमलाई मेरो हार्दिक बधाई । यसरी नै हट नेपालको प्रत्येक अंकलाई हट केक बनाउन म विशेष आग्रह गर्दछु ।

*-सोनिक शर्मा*
*चण्डोल, काठमाडौं*

## एक नम्बर भनेको एक नम्बर

पहिलोपल्ट कभरमा महानायक राजेश हमाल दम्पतीको फोटो छाप्ने पत्रिकामा एक नम्बरमा हट नेपाल बन्न सफल भएकोमा हार्दिक बधाई छ । पहिलो भनेको पहिलो नै हो । हट नेपाल बजारमा निस्केको १९ दिनपछि निस्केको एक सिने मासिकमा पनि हमाल दम्पतीको उस्तै कभर फोटो हेरें । हट नेपालमा हेरिसकेकोले मलाई उक्त पत्रिकाको कभर फोटो फिक्का फिक्का लाग्यो । लामो इतिहास बनाइसकेको सोही पत्रिकाले हट नेपालको अनुकरण गर्न खोजेजस्तो अनुभव भयो । पत्रिकाको साइजदेखि डिजाइनसम्म कपी गरेको जस्तो लाग्यो । यसलाई हट नेपालको सफलताको रूपमा मैले लिएकी छु । स्थापनाको छोटै अवधिमा यस किसिमको सफलता थोरै पत्रिकाले मात्र पाउन सक्छन् । तिनै थोरै पत्रिकामा हट नेपाल देखापरेको छ । यो सफलतालाई कायमै राखेर अगाडि बढोस् र नेपाली मनोरञ्जन पत्रिकाको जगतमा कोसेढुंगा सावित होस् भन्ने कामना गर्दछु ।

*-निशा खड्का*
*बसुन्धरा, धापासी चोक*

## इशानीलाई धन्यवाद

मिस नेपालको इतिहासदेखि वर्तमानसम्मको यथार्थ पस्केको 'सुन्दरीहरु देश चिनाउन आतुर'




शीर्षक आलेखमा अघिल्लो वर्षकी मिस नेपाल इशानी श्रेष्ठको मिस वर्ल्डमा प्राप्त सफलताबाट मुलुकलाई मिस नेपालले पनि चिनाउन थालेकोमा खुशी लागेको छ । इशानीलाई हार्दिक बधाई र धन्यवाद व्यक्त गर्दछु । समर फेसनमा देखिएकी मोडल खासै चित्त बुझेन । फोटो अलि आकर्षक राख्नुपऱ्यो । पत्रिकाको छपाइ गुणस्तर उच्चकोटिको छ तर सो अनुसारको फोटो नहुँदा खल्लो अनुभव हुने गरेको छ । त्यसैले म हट नेपालका फोटोग्राफर साथीहरूलाई उच्च गुणस्तरीय फोटो उपलब्ध गराउन विशेष आग्रह गर्दछु ।

*- शरदप्रसाद उपाध्याय*
*रोहिणी भन्ज्याङ, काभ्रे*

## मोतिलाललाई मेरो सलाम

चढ्दो उमेरमा पनि बढ्दो उत्साहमा देखिएका प्रतिष्ठित समाजसेवी मोतिलाल सिल्पकारको लाइफ स्टाइल पढ्दा मज्जा लाग्यो । पारिवारिक परम्परागत सिल्पकलालाई स्वदेशदेखि विदेशसम्म विस्तार गर्न सफल मोतिलालको लगन तथा धैर्य र मेहनतको हामीले अनुकरण गर्नु आवश्यक छ । वास्तवमा मोतिलालबाट उनीजस्ता अग्रज नागरिकले मात्र हैन युवाले पनि शिक्षा लिन सक्छन् । कर्म गर्नका लागि उमेरले छेक्दैन भन्ने सन्देश पनि उनले दिएका छन् । ८० वर्षीय मोतिलाललाई मेरो सलाम ।

*- रेन राई*
*सातदोबाटो, ललितपुर*

## प्रगतिको कामना

हट नेपाल सातौं अंकसम्म पनि नियमित रूपमा हेर्ने मौका पाएँ । सातौं अंकसम्म आइपुग्दा हट नेपाल परिपक्व भएको महसुस भएको छ । हरेक अंक विशेष अंक बनाउन हट नेपाल टीम सफल भएको देखिन्छ । हट नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

*- रामकृष्ण श्रेष्ठ*
*इन्द्रायणी, साँखुरोड*

## अर्की रेखा थापा

चलचित्र निर्माता छवि ओझाले रेखा थापाजस्ती अनुहारको अर्की रेखा थापा जन्माएको जानकारी हट नेपालको सातौं अंक हेरेर पाएँ । छवि ओझाको निर्माणाधीन चलचित्र 'सुन्तली हवल्दार'की हवल्दार शिल्पा पोखरेलको अनुहार रेखा थापासँगै ठ्याक्कै मिलेको छ । हट नेपालले 'छविले अर्की रेखा जन्माए' भनेर लेखेको खबर एकदम सत्य हो । हेटौंडामा सुन्तली हवल्दारको सुटिङ हेरेपछि शिल्पाको अनुहार काटीकुटी रेखाकै जस्तो लाग्यो ।

*- मिथिला गुरूङ*
*भुटनदेवी रोड, हेटौंडा*

## छुट्टै स्वाद

सातौं अंकसम्म आइपुग्दा हट नेपाल स्थापित हुँदै गएको अनुभव मैले गरेको छु । यो पत्रिकाले मनोरन्जन र जीवनशैली विषयका विविध सामग्री पस्किने गरेकोले एउटै पत्रिकामा विविध स्वाद पाउने गरेको छु । यो पत्रिकामा अन्य विविध विषय पाइने भए पनि खेल सामग्रीको भने अभाव देखेको छु । नेपाली युवाहरु खेलप्रति विशेष अभिरूचि राख्ने गर्छन् । त्यसैले ठूलो जमात रहेको युवा वर्गलाई आकर्षण गर्ने हो भने हरेक अंकमा कुनै खेल विषयको सामग्री पनि समावेश गर्ने म विशेष आग्रह गर्दछु ।

*- सुवास खतिवडा*
*सरस्वतीनगर, काठमाडौं*

सल्लाह-सुझावका लागि : hotdreamnepal@gmail.com, facebook.com/pages/Hot-Nepal

## अन्तर्राष्ट्रिय विमानस्थल बनाउन सम्झौता




पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न सरकारले चिनियाँ निर्माण कम्पनीसँग ठेक्का सम्झौता गरेको छ । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक रतिशचन्द्रलाल सुमन र चिनियाँ कम्पनी चाइना सीएएमसी इन्जिनियरिङको प्रेसिडेन्ट लुओ यानले जेठ २९ गते सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । दुवै पक्षबीच भएको ठेक्का सम्झौतामा प्राधिकरणले २१ करोड ६० लाख अमेरिकी डलर (२० अर्ब ३० करोड ४० लाख रूपैयाँ) लागतमा विमानस्थल बनाउने उल्लेख छ । विमानस्थल बनाउन लाग्ने रकम अर्थ मन्त्रालयले चीनको 'एक्स्पोर्ट–इम्पोर्ट' (एक्जिम) बैंकसँग सहुलियतपूर्ण ऋणस्वरूप लिने बताइएको छ । यस रकमलाई प्राधिकरणले ८ प्रतिशत ब्याजदरमा लिएर विमानस्थल निर्माण गर्ने जनाएको छ ।

## देविका बन्दनाको शुभकामना




गायिका देविका बन्दनाले पछिल्लो समय राष्ट्रिय गीतले ओतप्रोत 'शुभकामना' नामक एल्बम बजारमा ल्याएकी छन् । उक्त एल्बमको शुभकामना बोलको गीतको भिडियोमा मुलुकको पहिचान दिने सबै सेलिब्रेटीहरूलाई समेट्ने प्रयास गरिएको छ ।

## चलचित्र पत्रकारहरूलाई सम्मान



चलचित्र पत्रकार संघले १५औं चलचित्र पत्रकारिता दिवसको अवसर पारेर चलचित्र क्षेत्रका तीन पत्रकारलाई सम्मान गरेको छ । संघले लामो समय चलचित्र पत्रकारितामा आबद्ध विदुर गिरी, कृष्ण भट्टराई र राज श्रेष्ठलाई सम्मान गरेको हो । संस्थापक अध्यक्ष भरत शाक्य, निवर्तमान अध्यक्ष विदुर गिरी र अध्यक्ष शान्तिप्रियले केक काटेर यो वर्ष दिवस शुरू गरिएको थियो । यो दिवस संघले हरेक वर्ष जेठ ७ गते मनाउँदै आएको छ । सोही अवसरमा चलचित्र पत्रकार संघको अफिसियल वेबसाइट पनि सार्वजनिक गरिएको छ ।

## शिखा भारतीको नयाँ एल्बम



भारतीय गायिका लता मंगेशकर र आशा भोसलेको गायनबाट निकै प्रभावित गायिका शिखा भारतीले आफ्नै नामबाट गीति एल्बम बजारमा ल्याएकी छन् । पाँच वटा गीतको संग्रह रहेको गायिका भारतीको यस एल्बममा सुरेश अधिकारी, कल्याण सिंह र अर्जुन पोखरेलको संगीत रहेको छ । अमृत रेग्मी, सुरेश अधिकारी, कल्याण सिंह र अर्जुन पोखरेलकै शब्द रचना रहेको छ । फ्राइडे फिल्मस्ले भारतीको एल्बमलाई बजारमा ल्याएको हो ।

## मुखौटा कलाकारहरूको मुखौटा



मुखौटा अनुहार भएका कलाकारहरूको भीडभाड बनेको चलचित्र मुखौटाको रिलिज पनि मुलुकभर जेठ ३० गतेबाट भएको छ । मनसुनको प्रभावको समेत ख्याल नगरी मुखौटाकी नायिका निशा अधिकारी लगायतका कलाकारहरु राम्ररी नै पब्लिसिटीमा लागेका देखिएको छ । मुखौटामा दोहोरो चरित्रका मानिसहरूको यथार्थ कथावस्तु पस्किएको छ । मुखौटामा नायिका निशा अधिकारीका अलावा राजेश हमाल, सुनील थापा, रोबिन तामाङ, सौगात मल्ल, हर्षिका श्रेष्ठ लगायतका कलाकारको अभिनय रहेको छ । निर्माण रविन श्रेष्ठले गरेका छन् । निर्देशन अभिनेता अर्पण थापाको रहेको छ ।

## धरानमा मिस नेपालको सम्मान



जेठ ३ मा आफ्नो जन्मथलो धरान आएकी मिस नेपाल सुविन लिम्बुलाई धरान १६ स्थित पार्वती मार्गमा रहेका घरपरिवार र छिमेकीहरूले सडकमै स्वागतद्वार निर्माण गरी भव्य स्वागत सम्मान गरे । घरघरबाट स्वागतमा जुटेका छिमेकीहरूले फूलमाला र खादाले सम्मान गरेका थिए । उनी धरान आएपछि सम्मान गर्नेको ओइरो नै लागेको थियो । धरानमा चारदिनमा ७ वटा संस्थाबाट सम्मान पाएपछि उनी दङ्ग थिइन् । सम्मान गर्नेहरूमा धरानमा उनले कक्षा छ सम्म अध्ययन गरेको सिद्धार्थ शिशु सदन, त्यसपछि अध्ययन गरेको विजयपुर उच्चमावि, सियोन इन्टरनेसनल स्कुल, जातिय संस्था लुङ्फुङ्वा समाज, टोल सुधार समिति धरान १६ र लिम्बु पत्रकार संघलगायत थिए ।

## ग्ल्यामरमा भविष्य खोज्दै



मिस पूर्वाञ्चलका आयोजक र मिस लिम्बुका आयोजक सदस्यहरु मिलेर धरानमा १४ जेठमा ग्ल्यामर क्षेत्र सम्बन्धी ओरेन्टेसन कार्यक्रमको आयोजना गरे । पूर्वका धरान, इटहरी, विराटनगर, दमक, तेह्रथुमलगायतका २५ भन्दा बढी युवतीहरु ओरेन्टेसनमा सहभागी भएका थिए । उनीहरू ग्ल्यामरक्षेत्रमा लागेर भविष्य बनाउन चाहन्छन् । तर अधिकांश मोडलको गुनासो छ- पूर्वमा अवसरै छैन । 'ग्ल्यामर क्षेत्रलाई नजिकबाट बुझ्ने कोसिस गर्दै छु, यसमा ठूलो भविष्य देखेकी छु', बराह ज्वेलरी इण्डष्ट्रिज प्रालिका गहनाको मोडलिङ गरिसकेकी धरानकी मन्दिरा लामिछानेले भनिन् । ऱ्याम्प र फोटो सुट गरेर मोडलिङको अनुभव गरिसकेकी विराटनगरकी पूजा श्रेष्ठ पनि ग्ल्यामरमा सम्भावना खोज्दै हिंडेकी छन् । इटहरीकी सरू ढकाल पेसाले नर्स हुन् तर उनलाई पनि ग्ल्यामर क्षेत्रमा करियर बनाउने रूचि जागेको छ ।

## राजेश हमालको उमेर घट्यो !

बिहे भएको एक हप्ता नबित्दै अष्ट्रेलिया उडेका महानायक राजेश हमालको त्यहाँ रहेका नेपालीहरूले जन्म दिन जेठ २३ गते धुमधामसँग मनाए । जन्मदिनको शुभकामना तथा बिहेको बधाई पाएका हमालले त्यहाँ आफू पचास वर्ष पुगेको खुलासा गरे । अष्ट्रेलियामा रहेका नेपाली माझ आफ्नो पचासौं जन्मदिन मनाउन पाउँदा अत्यन्त खुशी लागेको र पत्नी मधुलाई त्यहाँ मिस गरिरहेको उनले बताए । गायक राजेशपायल राई तथा गायिका अञ्जु पन्तका साथ अष्ट्रेलिया पुगेका हमाल बिहेपछि झन्




जवानजस्तो देखिएको त्यहाँ कार्यरत कर्ण ओलीले बताएका छन् । बेग्लै फुर्ती र जवानी हमालमा पाएको ओलीको भनाइ छ । यस अर्थमा पनि राजेश हमालको जवानी बिहेपछि अझ खुलेको छ । हुन त दुई वर्षअघि मात्र हृदयाघातले निधन भएका हमालका मामा निर्देशक दीपक रायमाझी र हमालबीच चार वर्षको मात्र अन्तर थियो । जीवित हुँदा दीपक रायमाझीले राजेश हमाल आफूभन्दा चार वर्षले मात्र कान्छो भएको बताएका थिए । स्वर्गीय रायमाझीको कुरालाई सही मान्ने हो भने राजेश हमाल यो वर्षबाट छपन्न वर्ष पुगेका छन् । रायमाझीको दुई वर्षअगाडि अन्ठाउन्न वर्षको उमेरमा निधन भएको थियो । यस हिसाबले हमाल छपन्न पुगेको प्रमाणित भए पनि उनले ६ वर्ष घटाएर पचास वर्ष बताएका छन् ।

## लिटिल मिस एण्ड मास्टर नेपाल हुने

क्लासिक इभेन्ट म्यानेजमेन्टको प्रस्तुतिमा यही असार २७ गते 'क्लासिक लिटिल मिस एण्ड मास्टर नेपाल २०७१' हुने भएको छ । ९ देखि १४ वर्ष उमेरसमूहका स्कुले विद्यार्थीबीच हुने उक्त प्रतियोगितामा ६० जनाको सहभागिता रहनेछ । आयोजकका अनुसार अडिसन जेठ ३१ गते सम्पन्न भएको छ । तालिम असार ५ देखि २६ गतेसम्म हुने आयोजकले जनाएको छ ।

## मेलिनाको बाँला मयजु अब नेपालीमा

नेपाल भाषामा निर्माण भएको बहुचर्चित फिल्म 'बाँला मयजु' नेपाली भाषामा पनि निर्माण भएको छ । नेपाली भाषामा यो चलचित्रको नाम 'सुन्दरी' राखिएको छ । चलचित्र सुन्दरीलाई आगामी भदौ महिनाबाट मुलुकका ४० वटा सिनेमा हलबाट एकसाथ रिलिज गरिने लगभग अन्तिम तयारी भइरहेको निर्माण कम्पनीले जनाएको छ । नायिका मेलिना मानन्धरको विशेष भूमिका रहेको यस चलचित्रमा जय श्रेष्ठ, गौतमरत्न तुलाधर, पवन जोशी, सरस्वती मानन्धर, भिन्तुना जोशीलगायत कलाकारको अभिनय रहेको छ । लेखन तथा निर्देशन पवन जोशीको रहेको यस चलचित्रले चलचित्र विकास बोर्डबाट आयोजित अवार्ड कार्यक्रममा नेशनल अवार्ड समेत जितिसकेको छ ।



तस्वीर : अजय देशार

# खुसीले रोइन्
# सार्क नायिका

श्याम स्मृत

# गरिमा मात्र होइन, सारा नेपाली अवार्डेड भएको हो

एक दशक लामो मोडलिङ तथा फिल्मी करियर बनाएकी शालीन नायिका गरिमा पन्त पहिलो अवार्ड नै अन्तर्राष्ट्रिय स्तरको पाएपछि दंग परेकी छन् । उनी दक्षिण एसियाली नायिकाहरूमा सर्वोत्कृष्ट बनेकी छन् । श्रीलंकाको राजधानी कोलम्बोमा मे २० देखि २५ सम्म आयोजित सार्क फिल्म फेस्टिवलमा नायिक पन्त दक्षिण एसियाबाटै सर्वोत्कृष्ट नायिका बन्न सफल भएकी थिइन् । दक्षिण एसियाका सात राष्ट्रका साना-ठूला २२ फिल्मबीच भएको प्रतिस्पर्धामा नेपालबाट सहभागिता जनाएको सत्य घटनामा आधारित चलचित्र 'झोला'बाट उनी सर्वोत्कृष्ट बनेकी हुन् ।

नेपालबाट दुई चलचित्र 'झोला' र 'साँघुरो'ले सहभागिता जनाएको सार्क फिल्म फेस्टिवलमा झोलाबाट उत्कृष्ट नायिकाको अवार्ड र अर्को चलचित्र साँघुरोलाई जुरी अवार्ड प्रदान गरिएको जानकारी कोलम्बोबाट नेपाल फर्केका झोलाका निर्माता तथा निर्देशक यादवकुमार भट्टराईले दिए । सार्कका एक से एक फिल्मबीच नेपालबाट सहभागिता जनाएको दुवै फिल्म हात खाली नहुने गरेर फर्कनु नै नेपाली चलचित्रको इतिहासमा हालसम्मकै ठूलो उपलब्धि भएको प्रतिक्रिया निर्देशक भट्टराईले दिए ।

नेपाल चलचित्र विकास बोर्डले फरक धारको चलचित्रमध्येबाट छानिएर सार्क फिल्म फेस्टिवलमा 'झोला' र 'साँघुरो'लाई मनोनयन गरेर पठाएको थियो । बोर्डले छानेपछि पनि फेस्टिवलमा जाने अघिल्ला दुई दिनसम्म पनि दुवै चलचित्रका निर्माण टीममा खासै उत्साह देखिएको थिएन । केवल सहभागिता मात्र जनाइने त हो भनेर उनीहरूले नीच मारेर बसेका थिए, जसले गर्दा कोलम्बो जान खासै तयारी गरेका थिएनन् । चलचित्र झोलाबाट निर्माता तथा निर्देशक भट्टराईले मात्र सहभागिता जनाउने निर्णय भएबमोजिम उनी नेपालको प्रतिनिधित्व गरेर कोलम्बो गएका थिए ।

'त्यसरी अवार्ड नै पाइने थाहा भएको भए दुवै चलचित्रका टीम नै त्यसतर्फ जाने थियौं', निर्माता तथा निर्देशक भट्टराईले भने- 'सार्कका सबै मुलुकका चलचित्रका टीम नै कोलम्बो सार्क फिल्म फेस्टिवलमा देखिएका थिए । म मात्र एक्लै परें ।' कोलम्बो सार्क फिल्म फेस्टिवलबाट सार्ककै सर्वोत्कृष्ट नायिका बन्न सफल गरिमा पन्तले पनि कोलम्बोमा नै पुगेर उक्त अवार्ड लिन पाएको भए थप गरिमा बढ्ने विचार व्यक्त गरिन् ।

गरिमाले एक दशक लामो फिल्मी करियरमा हालसम्म कुनै पनि अवार्ड पाएकी छैनन् । पहिलोपल्ट अवार्ड पाउँदा नै अन्तरर्राष्ट्रिय अवार्ड हात पार्न सफलता प्राप्त भएको घटनालाई आफूले शब्दमा वर्णन नै गर्न नसकेको प्रतिक्रिया उनले दिएकी छन् । 'कोलम्बोबाट निर्देशक यादवकुमार भट्टराईले तिमी चलचित्र झोलाको अभिनयबाट सार्ककै सर्वोत्कृष्ट नायिका बन्न सफल भयौ भनेर फोन गर्दा सुरुमा पत्यार नलागेको र विश्वासै गर्न नसकेको भए पनि पछि अवार्ड नै हात पर्दा आँखाबाटै आँसु




यादवकुमार भट्टराई
निर्माता तथा निर्देशक

श्रीलंकाको राजधानी कोलम्बोमा चौथो सार्क फिल्म फेस्टिवल गत मे महिनाको २० तारिखबाट आयोजना भएको थियो । २० तारिखबाट फेस्टिबल सुरू भए पनि नेपालको प्रतिनिधित्व गरेर म एक्लै २१ तारिखमा मात्र कोलम्बो पुगें । मेरो व्यक्तिगत खर्चबाट त्यहाँ पुगेको थिएँ । आयोजक राष्ट्रको तर्फबाट खान-बस्नबाहेक अरू कुनै सुविधा प्रदान गरिएको थिएन । कोलम्बो पुग्न दुईतर्फी हवाई टिकटको ८० हजार ६ सय खर्च लाग्ने गर्दछ ।

सार्कमा आबद्ध आठ राष्ट्रमध्ये अफगानिस्तानको सार्क फिल्म फेस्टिवलमा सहभागिता भएन । सात राष्ट्रका साना-ठूला २२ वटा चलचित्रको सहभागितामा मे २५ सम्म फेस्टिवल चलेको थियो । फेस्टिवलमा कोलम्बोमा रहेका करिब ४० जना नेपाली मात्र दुई नेपाली फिल्म झोला र साँघुरो प्रदर्शनको दिन आइपुग्दा मलाई अत्यन्त हर्ष लागेको थियो । ती नेपालीमध्ये ६ जना महिला श्रीलंकन नागरिकसँग बिहे गरेर कोलम्बोमा नै बसेका रहेछन् । उनीहरूले कोलम्बोमा मातृभाषा नेपालीमा नेपालको चलचित्र पहिलोपल्ट हेरेको प्रतिक्रिया व्यक्त गर्दा म अत्यन्त भावुक बनेको थिएँ ।

त्यसको अलावा सार्क राष्ट्र बाहिरका मलेसिया, इरान र सिंगापुरका टप फिल्म डाइरेक्टरहरु फेस्टिवलको जुरीमा थिए । उनीहरूले चलचित्र झोला हेरेपछि आँखाबाट आँसु नै झारेका थिए । नेपालमा पनि यति राम्रो कथावस्तुमा फिल्म बन्न थाल्यो भनेर उनीहरूले मलाई धाप नै मारेका थिए । मे २५ को अवार्ड वितरण कार्यक्रममा माल्दिभ्सका फिल्मी नायक सर्वोत्कृष्ट र नेपालको चलचित्र झोलाकी गरिमा पन्त भन्दा हलभरि करिब ३ मिनेट गड्गडाहट ताली बज्दा गर्वले मेरो छाती फुलेको थियो ।

नेपाली राष्ट्रिय पोशाक दौरा-सुरुवाल तथा भादगाउँले टोपीमा सजिएर नेपालको प्रतिनिधित्व गरेर झोलाकी गरिमा पन्तको अवार्ड लिएर फर्कदा त्यसरी नै तालीले मलाई सम्मान गरिएको थियो । त्यहाँ चलचित्र झोलाबाट गरिमा पन्त मात्र सम्मानित भएको नभई नेपाल र सारा नेपाली सम्मानित भएको मैले महसुस गरें ।

कोलम्बोमा आयोजित सार्क फिल्म फेस्टिवलमा चलचित्र 'झोला'बाट सर्वोत्कृष्ट नायिकाको अवार्ड पाएपछि अत्यन्त हर्षित बनेकी नायिका गरिमा पन्तसँग हट नेपालको भेट काठमाडौंको अनामनगरस्थित नूतन स्टुडियोमा भयो । नायिका पन्त उक्त स्टुडियोमा जेठ १७ गते वरिष्ठ निर्देशक शंभु प्रधान निर्देशित चलचित्र रंग-बैजनीको सेटमा रंग-बैजनी टाइटल गीतमा सट दिन व्यस्त थिइन् । गीतको सुटिङ भए पनि निर्देशक प्रधान व्यस्त नै बनिरहेका थिए । निर्देशक प्रधान पत्नी निर्मात्री तथा लेखिका नूतन प्रधान पहिलोपल्ट उक्त चलचित्रमा कोरियोग्राफी गर्न व्यस्त थिइन् । नूतनको कोरियोग्राफी तथा प्रधानपुत्र चंकी प्रधानको सिनेमाटोग्राफीमा सुटिङ भइरहेको थियो । एक नायक दिक्पाल कार्की तथा दुई नायिका गरिमा पन्त र सुमिना घिमिरेबीचको सम्बन्धको पारिवारिक कथामा गरिमा लिडिङ रोलमा रहेको निर्देशक प्रधानले बताए । गरिमा सार्क फिल्म फेस्टिवलमा उत्कृष्ट नायिका भएकोमा प्रधानले पनि हट नेपालको रोहवरमा बधाई दिंदा गरिमा गर्वले दंग परेकी थिइन् । गरिमाको अघि-पछि रहेका नायक दिक्पाल र नायिका सुमिनाले पनि उनलाई बधाई दिन पछि परेनन् । सानो पर्दाको टेलिसिरियलबाट अभिनयको करियर सुरु गरेकी यिनै नायिका गरिमा पन्त एक दशक लामो फिल्मी करियरमा धेरै फिल्मबाट विभिन्न राष्ट्रिय अवार्डमा मनोनयनमा मात्र पर्ने गरेकी थिइन् । ढिलै भए पनि १ सय १० वर्ष अगाडिको नेपालको वास्तविकता चित्रण गर्ने चलचित्र झोलाबाट अन्तरर्राष्ट्रिय अवार्ड पहिलोपल्ट हात पर्दा गरिमा निक्कै खुसी बनेकी छन् । ढिलै भए पनि राम्रो भएकोमा उनले आफूलाई भाग्यमानी ठानेकी छन् । यिनै नायिका गरिमा पन्तसँग हट नेपालले गरेको कुराकानी :



# मनसुनमा रूझ्नु बेग्लै मज्जा छ

तस्वीर : शिवलाल श्रेष्ठ
मेकअप : गङ्गा श्रेष्ठ

**तपाईंलाई त नेपाली चलचित्र उद्योगमा अनलक्की नायिका भन्ने गरिन्थ्यो ! यतिखेर लक्की बन्दा कस्तो अनुभव भइरहेको छ ?**

धेरै चलचित्रबाट विभिन्न अवार्ड कार्यक्रममा मनोनयनमा पर्दा पनि अवार्डेड हुन नसकेकोले शायद त्यसो भनेको होला । बास्तवमा म आफूलाई कहिले पनि अनलक्की मान्दिनँ । हुन त चलचित्र झोलामा सेलेक्ट हुँदा डाइरेक्टर यादवकुमार भट्टराईलाई कतिले अनलक्की हिरोइनलाई किन लिएको भनेको पनि सुनियो । त्यसलाई मैले गम्भीरतापूर्वक कहिले पनि लिइनँ । म लक र अनलकमा विश्वास गर्दिनँ । लक्की र अनलक्कीभन्दा म कर्ममा विश्वास गर्छु । कर्मले नै सबैलाई उत्कृष्ट बनाउने गर्दछ । यसैमा मात्र मेरो विश्वास छ । झोलामा मैले गरेको कर्मले नै कोलम्बोमा सार्ककै उत्कृष्ट हिरोइन बन्न सफल भएकी छु ।

**मनसुन महिनामा कतिको रूझ्नुभएको छ ? मनसुन तपाईंलाई कस्तो लाग्छ ?**

मनसुन महिनामा कतिखेर पानी पर्छ भन्ने ठेगान नै हुँदैन । म प्रायः स्कुटी हाँक्ने गर्दछु । म डिक्कीमा बाह्रै महिना रेनकोट राख्ने गर्दछु । यो जेठ-असारको मनसुन महिनामा साथमा छाता पनि बोक्ने गरेकी छु । मनसुनको पानीमा रूझ्नुको मज्जा नै बेग्लै छ । धेरैपल्ट रूझेकी छु । स्कुटीबाट सर्रर घर फर्किरहेको बेला मनसुनी पानी परिहालेमा डिक्कीबाट रेनकोट निकालेर ओढ्ने कार्य मलाई मनै पर्देन । रूझेरै घर पुग्नुको मज्जा बेग्लै हुन्छ । घरबाट बाहिर जाँदा मनसुनी पानीबाट बच्न रेनकोट र छाता नै प्रयोग गर्ने गर्दछु । मनसुनी पानीमा रूझ्दा धेरैजना बिरामी परेको सुने पनि हालसम्म त्यसरी म बिरामी परेकी छैन । मनसुनी पानीले मलाई बिरामी पार्दैन । यो मेरो विश्वास पनि हो ।

**मनसुनमा कस्तो खाले कस्मेटिक प्रयोग गर्ने गर्नुहुन्छ ?**

विशेष गरेर म त्यति धेरै कस्मेटिक प्रयोग गर्न रूचाउँदिन । नेचरल ब्युटीमा नै म रमाउन चाहन्छु । यद्यपि, यो मनसुनमा वाटरप्रुफ कस्मेटिक प्रयोग गर्न रूचाउँछु, जसले मनसुनी पानीले अनुहारको मेकअपलाई बगाउन पाउँदैन । जुन मलाई कम्फर्टेबल लाग्छ, त्यस्तै कस्मेटिक प्रयोग गर्ने गरेकी छु ।

आयो', गरिमाले भनिन् । उनले यसलाई जिन्दगीकै हालसम्मकै ठूलो उपलब्धी र कमाइ मानेकी छन् ।

राम्रो चलचित्र बनाउन सके नेपाली चलचित्रले पनि विश्व चलचित्र जगतमा उत्कृष्टता हासिल गर्न सक्छ भन्ने पहिलो उदाहरण दुई फरक धारको उत्कृष्ट चलचित्र झोला र साँघुरोले दिएको छ । कुनैबेला विदेशी निर्माता तथा निर्देशक एरिक भ्यालीले निर्माण गरेको क्याराभान ओस्कार अवार्डमा मनोनयन हुँदासमेत गर्व गर्ने नेपालीहरूका लागि पूर्ण रूपमा नेपालीले निर्माण तथा निर्देशन गरेको झोला र साँघुरो चलचित्रले इज्जत बढाइदिएको छ ।



# मनसुनको बदलिंदो फेसन

वसन्त ऋतुले बिदा लिएसँगै धूलो, पसिना र गर्मी पनि हट्दै मनसुन सुरू हुन्छ । आकाश बादलले ढाकेर वर्षा हुन थाल्दा फेसन शैलीमा पनि परिवर्तन हुन थाल्छ । यस यामको फेसनमा खासगरी मेकअप र जुत्तामा विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ । यो याममा जतातत्तै पानी, हिलो, हरियाली छाउने गर्दछ । त्यसैले यस यामको फेसनमा फेरबदल गर्नु आवश्यक छ । यो मौसममा सुहाउँदो रंगीन रेनकोट र छाताकै बढी माग हुने गर्दछ । अझ युवावर्गमा विभिन्न खालका सुहाउँदो लुगा, जुत्ता, कस्मेटिक वस्तुहरूमा विशेष चासो तथा छनोट हुने क्रम दिनानुदिन बढ्दै गएको पाइन्छ । वर्षाको समय भएकाले बजारमा विभिन्न प्रकारका छाता तथा रेनकोटको माग ह्वात्तै बढेको छ । यस मौसममा विभिन्न प्रकार र रंगका हलुका र आरामदायी लुगाको प्रयोग हुने गर्दछ । मनसुनमा पानी पर्ने भएकाले शीतलताको महसुस गर्न सकिन्छ र तुरून्तै घाम लाग्ने हुँदा पनि यस मौसममा चिसो र तातोको सम्मिश्रण हुने गर्दछ । यसर्थ, मौसमलाई मिल्ने पहिरन लगाउन जान्नुपर्ने हुन्छ । हिलो, पानीबाट बच्ने खालका लुगा, जुत्ता र कस्मेटिकको प्रयोग गर्नुपर्ने हुन्छ । केही चिसो र केही तातो वातावरण भएकाले समय सुहाउँदो फेसनलाई ध्यानमा राख्दै विभिन्न आवश्यकीय वस्तुहरूको छनोट सही ढंगले गर्नु आवश्यक छ । मनसुन फेसनका लागि मुख्यतया यी विषयमा बढी ध्यान दिनु आवश्यक छ–



**लुगाको छनोट**

मनसुनमा लगाइने लुगाहरु हलुका र आरामदायी हुनुपर्छ । पाको न्यूरोडमा अवस्थित ए एण्ड ए फेसन बुटिकका डिजाइनरहरु अनिला श्रेष्ठ र अरूणा जोशीका अनुसार मनसुन सिजनमा सुती मिसावट कपडाको प्रयोग उत्तम हुन्छ । कपडामा वासएवल सिफन, इन्डियन सिफन, वासएवल जरजेट, ज्याकेट तथा कटन सिल्कका लुगाहरूको प्रयोग गर्दा अति उत्तम हुन्छ । यस सिजनमा भेलवेटको कपडा सकेसम्म प्रयोगमा नल्याउँदा राम्रो हुन्छ । त्यस्तै, पाइन्टमा टाइट-फिटिङ, एङ्कल वा क्वाटर पाइन्ट, नीलो, हरियो, गुलाबी, हल्का रंगका लुगाहरूको छनोट उपयुक्त हुन्छ ।

**मेकअप**

मनसुनमा पानी पर्ने र तुरून्तै घाम लाग्ने भएकाले छालामा चिल्लोपन र पसिनाका कारण विभिन्न समस्या देखापर्ने हुँदा मेकअपमा ध्यान दिनु जरूरी हुन्छ । श्रीघः विहार नघल टोलस्थित मिजला ब्युटीपार्लर तथा तालिम केन्द्रकी ब्युटिसियन ज्ञानीमैया महर्जनका अनुसार मेकअपका लागि वाटरप्रुफ सौन्दर्यका सामग्री नै प्रयोग गर्नुपर्छ । वाटरप्रुफ बेसले पसिना र वर्षातबाट पनि मेकअप बग्न दिंदैन र धेरैबेरसम्म टिकाउँछ । यस मौसममा लिप ग्लस सकेसम्म नलगाउने, जेल आइलाइनर, म्याट प्लस र पाउडर ब्लसरको प्रयोग गर्ने गर्नुपर्छ ।

**जुत्ताको छनोट**

वर्षातको याममा जतातत्तै पानी, हिलो हुने गर्दा यसबाट बच्ने खालका घुँडासम्म आउने छालाका जुत्ता, बुटहरु र हिल जुत्ता लगाउनु उत्तम हुन्छ । बजारमा यस किसिमका विभिन्न डिजाइनका जुत्ताहरु पाइन्छ ।

**घडीको प्रयोग**

वाटरप्रुफ घडीको प्रयोग राम्रो मानिन्छ ।

**केश शृङ्गार**

मनसुनमा उपयुक्त प्रकारको हेयरकट गर्दा फेसन शैलीमा सुहाउँदो र राम्रो देख्न सकिन्छ ।

● सिनुना चौधरी/अनुना चौधरी

# सेलिब्रेटीहरूको मनसुन फेसन









### आनन्द कार्की (गायक)

वर्षातको मौसममा म पानीसँग खेल्न मन पराउँछु । यो समयमा मलाई गीतहरू कम्पोज गर्न र गीत गाउन औधी रमाइलो अनुभव महसुस गर्छु । पानीको मौसम भएको हुँदा म विशेष जुत्तामा बढी ध्यान पुऱ्याउने गर्छु । पहिरनमा हाफ पाइन्ट नै रूचाउँछु ।

### एड्रिन प्रधान (गायक)

खासगरी मनसुन सिजन वर्षाको याम भएका कारण गर्मीलाई शीलता प्रदान गर्ने बखत भएकाले मलाई यो मौसममा शीतलताको महसुस हुन्छ । पानी पर्दा झ्यालमा बसेर वर्षाको झेलसँग हराउन मन लाग्छ । ठण्डा पवनको स्पर्शमा पानीको थोपा-थोपामा रमाउन खुसी लाग्छ । म बढी जुत्तामा ध्यान दिन्छु र वाटरप्रुफ जुत्ता, हाफ ज्याकेट, हलुका टी-सर्ट र जिन्स लगाउन मन पराउँछु ।

### आलोक नेम्वाङ (निर्देशक)

पानी परेको, बाटो हिलो भएको र अँध्यारो कालो बादल भएको मलाई मन पर्दैन । मलाई घमाइलो वातावरण नै मन पर्छ । जताततै हिलोका कारण कतै जान पर्दा पनि असहज र गाह्रो हुने हुँदा यो सिजन राम्रो लाग्दैन । मनसुन सिजनमा म जिन्स र क्याजुएल ड्रेस नै लगाउन रूचाउँछु ।

### सञ्जय चौधरी (गायक)

मलाई मनसुन साह्रै मनपर्छ । वर्षामा परेको पानीको झेललाई हेरिरहन र पानीमा भिज्न साह्रै रमाइलो लाग्छ । गर्मीको धूलो, धूवाँलाई वर्षाले बगाएर सफा वातावरण बनाइदिने हुँदा स्वच्छ र हरियालीको मौसमको रूपमा लिइन्छ । पहिरनमा हलुका टी-सर्ट, हाफ पाइन्ट लगाउन मन पराउँछु ।



# धराने सेलिब्रेटीको मनसुन अनुभव









यो वर्षको मनसुन सक्रिय भएपछि गर्मीले हैरान भएकाहरूलाई केही शीतलताको अनुभूति भएको छ । झरीमा भिज्दै हिँड्दा गर्मीमा रमाइलो, मन शान्त महसुस हुने हुँदा प्राय:जसो धेरैले झरी परिदियोस् भन्ने चाहेका हुन्छन् । टिनएजरहरु मनसुनी झरीमा भिज्दै हिँडेको रमाइलो दृश्य लोभलाग्दो देखिन्छ । गर्मी मौसममा पातलो लुगामा हिँडेका युवतीलाई त यो मनसुन लाभदायी नै मान्नुपर्ने हुन्छ । किनभने समर मौसममा आएको मनसनुले उनीहरूको तनवदनमा शीतलताले भरिदिएको हुन्छ ।

उर्लाबारी निवासी नेमिता आङबुहाङलाई यतिबेलाको मनसुन निकै रोमान्चित र आनन्द लाग्छ । यस्तो मौसममा शीतल हुने पातलो पहिरन लगाउने गरेको उनी बताउँछिन् । मिस पूर्वाञ्चल २०१३ समेत रहेकी नेमिता गर्मी मौसममा झरी पर्दा निकै मज्जा लाग्ने गरेको अनुभव सुनाउँदै भन्छिन्- मनसुनमा मलाई जिन्स पेन्ट र टि-सर्ट लगाएर छाता ओढेर हिँड्न खुब मनपर्छ । बिएस्सी थर्ड इयरको परीक्षाको तयारीमा लागेकी नेमितालाई पानी पर्दाको त्यो दिन अझै याद आउँछ । 'सानो छँदा झरीमा खुब भिजियो, कपडा निथ्रुक्क हुनेगरी हो । उनी भन्छिन्- 'कहिलेकाहीं पानी पर्दा बाटोमा सबै कपडा भिज्दा हैरान हुन्छ । दिमागमा केही टेन्सन छ भने पनि यस्तो वर्षातले एकप्रकारले मन प्रफुल्ल भइरहेको हुन्छ ।'

त्यसैगरी विष्णु लिम्बुलाई गर्मी मौसममा आएको मनसुन निकै शीतल लाग्ने गरे पनि आफ्नो ब्युटी पार्लर भएकोले व्यापारमा कमी आउने बताउँछिन् । धरानमा रहेको निसुम्मा ब्युटी सोलुसन प्रालि चलाएर व्यापारमा व्यस्त रहेकी विष्णु भन्छिन्- गर्मीले हैरान भएर छटपटाएको बेला आफूलाई सजिलो लाग्ने शीतल कपडा लगाएर बसेको मनपर्छ । उनी भन्छिन्- 'तर दिउँसो पानी पर्नुको साटो राती परिदियोस् जस्तो लाग्छ किनकि त्यसो भएमा दिउँसो व्यापार चल्छ अनि राती गर्मीमा सुत्दा आनन्द महसुस हुन्छ ।

त्यसैगरी २०१२ की मिस पूर्वाञ्चल नेहा बजाज पनि मनसुनमा जिन्स पेन्ट र पातलो कपडा लगाएर छाता ओढेर बजार घुम्न औधी मनपर्ने बताउँछिन् । धरान घर भएकी विराटनगरमा बसेर सिए थर्ड इयर पढ्दै गरेकी उनलाई पानी पर्दा झ्यालबाट चियाएर बाहिरको दृश्य नियाल्न पनि खुब मनपर्छ । १२ वर्षको उमेरमा कसैले नदेख्नेगरी पानीमा निथ्रुक भिजेको नेहा सम्झिछिन्- 'घरको छतमा मम्मीले नदेख्नेगरी लुकेर भिजेको अझै याद आउँछ, केटाकेटी उमेरमा भिज्दा बेग्लै मज्जा हुँदोरहेछ ।' उनीहरूलाई जस्तै मिस पूर्वाञ्चल २०१३ की सेकेण्ड रनरअप नीलम थापालाई गर्मी मौसममा आएको मनसुनमा जिन्स पेन्ट, टि-सर्ट लगाएर साथीसंगीसँग घुम्न जान मनपर्ने बताउँछिन् । उनी भन्छिन्- 'भेडेटार घुम्न जाँदा मैले जिन्स पेन्ट अनि पातलो टि-सर्ट लगाएकी थिएँ ।' धरान मोडल कलेजमा ब्याचलर फष्ट इयर पढदै गरेकी निलम भन्छिन्- समर मौसममा झरी पर्दा जिन्स पेन्ट, टिसर्ट लगाएर साथीरूसँग बजार हिँड्दा निकै रमाइलो फिल हुँदोरहेछ । उनी फ्ल्यासब्याकमा जान्छिन्- 'सानोमा स्कुलको पोशाकमा भिज्दै हिँड्दा रमाइलो फिल भएको थियो । अहिले पातलो कपडामा भिज्दा अलि अड फिल त हुने नै भो ।' त्यसको कारण सोध्दा उनी खुल्छिन्- किनभने यो उमेरमा पानीमा भिज्दै हिँडेको कसैले देख्दा अलि अप्ठेरो फिल हुन्छ नि ।

अझै याद छ", उनी भन्छिन्- 'कति रमाइलो थियो त्यो बेलाको क्षण ।'

त्यसैगरी धरानको टेक्निकल कलेजमा प्लस टु सकेर माइक्रोबायोलोजी पढ्दै गरेकी विमला खड्कालाई मनसुनको मौसममा दिमाग ठण्डा हुने हुँदा निकै आनन्द महसुस हुन्छ । 'यस्तो मौसममा छोटो कपडा लगाएर बजारमा किनमेल गर्दा सजिलो पनि हुन्छ अनि झरी पर्दा माइण्ड रिफ्रेस हुँदो रहेछ', विमलाले भनिन् ।

त्यसैगरी धरानकी कोरियोग्राफर प्रियारानी लामालाई पनि गर्मी मौसममा वर्षात हुँदा आफूलाई सजिलो हुने खालको पहिरनमा सजिएर हिँड्ने गरेको बताउँछिन् । उनी भन्छिन्- 'मलाई जिन्स पेन्ट र टि-सर्ट लगाएर हिँड्न मनपर्छ ।' प्रिया काठमाडौंमा गायक नितिन थापाले गाएको 'यो दुखिरहने मनलाई...' बोलको म्युजिक भिडियोको सुटिङमा ब्यस्त रहँदा पानीले दु:ख दिँदा हैरान भएको सुनाउँछिन् । प्रिया भन्छिन्- 'मनसुन सधैं भइदिए राम्रो, तर सुटिङ हुँदा पानी नपरोस्, किनभने सुटिङ रोकिएर हैरान पार्छ ।' उनका साखहरूमध्ये वर्षातमा भिज्दै हिँड्नु पनि एक

**- सोहन श्रेष्ठ**



# मनसुनको मज्जा र हैरानी

नेपालका चर्चित बैंकर सिभिल बैंकका सिइओ किशोर महर्जनकी पत्नी मिडिया एक्टकी प्रबन्ध निर्देशक सिर्जना जोशीलाई यो मनसुन महिना खासै मन पर्दैन । कतिखेर पानी पर्ने र कहाँ पुग्दा त्यो बेइमानी पानीले रुझाउने कुनै भरे नहुने भएकोले पनि मन नपरेको उनी बताउँछिन् ।

त्यसमाथि यो महिनामा हावा पनि त्यति नचलेर हुप्प गर्मी हुँदा अफिसियली कार्य गर्न पनि अप्ठ्यारो हुने गरेको अनुभव पनि उनी सुनाउँछिन् । विशेषतः मनसुन महिनामा कारमा नै हिंड्न रूचाउने उनी कारमा अक्सर एसीको प्रयोग गर्ने गर्छिन् । सडकको धूलो तथा धूवाँबाट बच्न कारको सिसा खुल्ला नराख्ने भएकोले पनि बढी मात्रमा कारमा एसी चलाउने गरेको उनी सुनाउँछिन् ।



**सिर्जना जोशी**
प्रबन्ध निर्देशक, मिडिया एक्ट

कहिलेकाहीं मात्र ड्राइभरले कार हाँके पनि अक्सर आफै कार हाँक्ने गरेकी उनी मनसुनको पानीमा रूझ्न पनि रूचाउँदिनन् । यो मौसममा कम्फर्टेवल हल्का टाइपका फेसन गर्नमा उनी बढी रूचि राख्छिन् । गर्मीको कम महसुस हुने फेसन गर्न रूचाउने उनी हरेक मानिसलाई आँकलन गर्ने प्रमुख माध्यम उनले गर्ने ड्रेसअप नै हो भन्छिन् ।

मनसुनलाई नै लक्षित गरेर काठमाडौं नयाँबजार खुशीबुँ लिंकरोडस्थित मर्निङ बेल फिटनेस क्लबले ज्याकुजी, चेअर मसाज, सौना बाथको अलावा कम्प्लिट फिटनेस बाहेक धेरैको डिमाण्ड रहेको जुम्बा डान्सको कक्षा पनि सुरू गर्ने भएको छ । त्यसको लगभग अन्तिम तयारी पूरा भइसकेको मर्निङ्ग बेलका सिइओ डेविड श्रेष्ठले जानकारी दिएका छन् । जुम्बा डान्समा मनसुनको अवसरमा पचास प्रतिशत छुटको व्यवस्था गरिएको पनि श्रेष्ठले बताए ।



**तरूणिका महतो**
निर्देशक, तरूणिकाज क्रियशन

मनसुनको बेला व्यायामले बेग्लै ताजगी महसुस गर्ने व्यायाम मास्टर कपिल महर्जन बताउँछन् । कतिलाई यो मौसमले बिरामी बनाउने गर्दछ । कतिलाई रमाइलो मुडी बनाउने पनि गरेको तर्क गर्ने व्यायाम मास्टर महर्जन अचेल व्यायाम सेन्टरमा पुरूषको तुलनामा महिलाको आकर्षण निक्कै बढ्न थालेको दाबी गर्छन् । यो मौसममा कति रूझेर आउने महिला तथा पुरूषहरू व्यायामपछि निक्कै स्फुर्त हुने गरेको बताउने महर्जन शरीरलाई फिट एण्ड फाइन राख्नका लागि उचित आहार तथा व्यायाम आवश्यक भएको धारणा राख्छन् ।

नेपाली समसामयिक फेसन डिजाइनिङमा टप डिजाइनरको रूपमा बेग्लै पहिचान राख्न सफल तरूनिका महतो समर र मनसुन महिनाको लागि सिफन, नाइलन र मिक्स फेवरिक प्रयोग भएको फेसनको पहिरन आवश्यक भएको औंल्याउँछिन् । तरूनिकाज क्रियसन द बुटिकका फेसन डिजाइनर तरूनिका महतो काठमाडौंको मौसमलाई मनसुनमा मात्र नभई अरूबेला पनि यसै भन्न नसकिने भएकोले पानी पर्दा पनि चाँडै सुक्ने फेसनको आवश्यक भएकोले सोही अनुरूप आफूले डिजाइन गरेको जानकारी दिन्छिन् । असार महिना मनसुनको महिना मात्र नभई बिहेको मौसम पनि भएकोले ब्राइडर ड्रेस धेरै प्रयोग हुने गरेको र त्यसको मंसीर महिनामा जस्तै असार महिनामा पनि बढी माग हुने भएकोले त्यसलाई तयारी अवस्थामा आफ्नो बुटिकमा राखिएको जानकारी पनि उनले दिएकी छन् । तरूनिकाले मनसुन तयारी पूरा गरेजस्तै बीएसएस रेडिमेड उद्योगले मनसुनी वाटर प्रुफ फेसनको स्टाण्डबाई राखेर बजारमा पठाइसकेको उक्त उद्योगका सिइओ सुशील श्रेष्ठले बताएका छन् ।

मोडल एवम् नायक दिक्पाल कार्की त मनसुनले मनलाई हमेसा मुडमा राख्ने भएकोले मनसुन सिजन अति मन पर्ने बताउँछन् । बाइकमा जाँदा कहिलेकाहीं रेनकोट राख्न बिर्सदा रूझेर फर्कनु पर्दाको पीडा तथा एक ठाउँमा रेनकोट ओढेर गयो, अर्को स्थानमा घाम गजबले लागिरहँदा कहिलेकाहीं बेइज्जतजस्तो महसुस यो मौसमले गराउने गरेको यथार्थ पनि कार्कीले बताएका छन् ।

अरूबेला ह्याण्डब्यागमा छाता राख्न खासै नरूचाउने र भारी महसुस हुने भए पनि बाध्यताले पनि मनसुनी मौसममा छाता बोकेर हिंड्ने गरेको संकल्प विकास केन्द्र नेपालकी अध्यक्ष शारदा श्रेष्ठ बताउँछिन् । दि स्पेङ्गल हाई स्कुलकी शिक्षिका एवम् बोर्ड अफ डाइरेक्टर निर्मला श्रेष्ठले अक्सर स्कुल आतेजातेको क्रममा बाइकमा हिंड्नु पर्ने भएकोले रेनकोटको अलावा साथमा छाता अनिवार्य राख्ने गरेको बताएकी छन् । अरू मौसममा भन्दा यो मौसममा रेनकोट र छाताको धेरै माग बढ्ने गरेको रेनकोट तथा छाता व्यवसायी निवेश रंजितकार बताउँछन् । बाइकमा दुईजनाले ओढ्न मिल्ने रेनकोटको बजार मूल्य ४ सय ५० देखि ७ सयसम्म रहेको र छाताको मूल्य न्यूनतम २ सय ५० रहेको पनि व्यवसायी रंजितकारले जानकारी दिएका छन् ।

HERE UNDERSTAND CHINA BETTER

APD 亞太日報 ASIA PACIFIC DAILY

ISSUE 10 | MAY 2014 | 8 PAGES | RS. 5.00

In association with The Weekly Mirror



**In his maiden interview with a worldwide news organization on May 12, 2014, Nepal's Prime Minister Sushil Koirala let Xinhua enter into his open and poised inner world. Excerpts:**

# Eight sentences to spell out an authentic Sushil Koirala

## 1 I am a political yogi

Yogis and gurus are religious people and leaders. They spread spiritual and religious values among people. As for me, I am a political yogi.

Since my days as a student, I dedicated my whole life to freedom. I never aspired for government or party positions. Even today if I am here serving as Nepal's Prime Minister, I don't feel that way. I have certain principles and objectives, and I am not attracted to power. I want to satisfy people's demands. For us, good governance is essential. Corruption is rampant in a developing country like Nepal. We want to ensure transparency, accountability, austerity and freedom from corruption. I am very conscious about this and I have asked ministers and government officials to abide by such values.

## 2 I am married to democracy

Whenever people ask me why I never got married, I always answer that I am married to democracy.

I cannot say if I was married how different my life would have been. Actually I didn't have the time. I was in an Indian jail for 3 years and for 3 to 4 years in a Nepali jail. We were living in very difficult days.

I don't aspire for anything. I just want to improve the living standards of Nepalese people and to make it possible to harness our country's resources.

## 3 I have no magic wand

During the second CA election, voters told me, "you want my vote, ok, but complete this road first". I answered them that I am not a magician and that within 15 days I could neither complete a road nor make such a promise. I have no magic wand.

I don't think I have failed in my duty. It has been only two and a half months since I am in the new government. Whatever we have achieved over this period has been very important. The parliament passed the bill on Truth and Reconciliation Commission and on Commission on Enforced Disappearances, paving the way for completing the peace process. We have established five different CA committees. So far our priority is to write the constitution. We have promised the people that we will complete it within a year.



## 4 I am looking forward to going again to China

I have been to China twice. The first time is in 1992 with the late PM Girija Prasad Koirala. We visited many places and I was very much impressed by China. During my second visit to China, I stayed there for 3 days.

The 2nd China-South Asia Expo is going to be held in Yunnan Province this coming June; it is very important for me to attend such an event. I am looking forward to going again to China, but I cannot say exactly when this will take place. My schedule might not allow me to attend the Expo in Yunnan. We have to complete the constitution first; this is our priority over anything else. But I will of course visit China in the future. There is no doubt about that.

We enjoy a very good relation with China, and we are willing to further develop it in the days to come. Nepal has many resources and we seek help from China. We can collaborate in hydropower, agriculture, tourism, and so forth.

## 5 We do not give in to external pressure

We have an open border with India and we share social, cultural and religious relations with our southern neighbor. Consequently, India is very sensitive to its security. China is also very sensitive about Tibet. In Nepal we are committed not to turn our land into a platform to carry out activities against India and China. We comply with the one-China policy. We do not give in to external pressure. We do not allow our land to be used against our neighbors.



Sushil Koirala (R), PM of Nepal talking with Zhou Shengping, Bureau Chief of Kathmandu-based Xinhua News Agency. PHOTOS/PRATAP THAPA

## 6 We want India and China to come closer to us

This is an era of peace. In this particular historical phase we should do our best to restore peace across the world. The relationship between China and India is gradually developing. We want India and China to come closer to us to understand our development as well as our problems. India and China are engaged in talks regarding border issues. Peace can be restored and we will benefit from it. Both China and India believe that Nepal needs democracy and stability. They are very eager to help us. Nepal can take advantage from both its neighbors.

## 7 I am very optimistic about Nepal's future

Nepal is full of potential. We feel proud of having rich water resources. Our country is beautiful with tremendous opportunities to develop tourism. In terms of agriculture, we used to export our food grains, but now we have to import them.

All shows that Nepal is very rich, but Nepal is still poor because we have not been able to achieve stability and democracy. Now it is high time for every political leader to realize that we have to ensure stability to develop our country.

The government is committed to creating a friendly and positive environment for investors. We are open to anyone willing to invest in Nepal. This is why I am very optimistic about the future development of Nepal as many countries are interested in our country. We want to grab this opportunity by restoring stability. This is why we are channeling our efforts on writing a new constitution.

## 8 We are willing to work with all nations for development

Despite our resources, we are lagging behind. Our political parties seriously want to develop this nation. Our first priority is to write the constitution within a year and to create favorable conditions for development. Countries from all over the world are willing to invest here and it is our responsibility to create an investment-friendly environment. Peace and stability are essential for Nepal. Unless we have a stable and democratic system, we will not be able to achieve growth.

We are expected to hold the SAARC Summit in the last week of 18th November 2014. It will assemble all SAARC countries as well as China and other nations as observers. This upcoming Summit is a great opportunity.

I hope there will be an increase in terms of air, road, and railway connectivity to help countries in the region to come together for peace, development and friendship.

Advertise with us
SPECIAL OFFER
Size: 20-25 cm²
Charge: Rs. 1000/one time
For details:
9818852676
Email: xinhuaktm@gmail.com

HUAWEI MAKE it POSSIBLE

Subcription
Tel : +977-01-4434475, Mobile : 9818 852676, E-mail : xinhuaktm@gmail.com
xinhuanepal @xinhuanepal

# संस्कृति जोगाउँदै राईहरू



यस वर्षको उभौलीभरि रातो चौबन्दी, बुट्टे फरिया, रेजीको हारी, कम्मरमा पटुकी र हँसिया भिरेर किरात पहिरनमा सजिएर साकेला नाच्दै गरेकी १८ वर्षीया सविता राई भन्छिन्- 'किरात राईको आफ्नो मौलिक संस्कृति जोगाउन सानै उमेरदेखि साकेला नाच्न थालेकी हुँ ।' धरान-१९ घर भएकी सविता ढोल-झ्याम्टा र गीतको तालमा नाचिने किरात राई जातिको साकेला सिली र गीत गाउन सिपालु छिन् । सानो उमेरमा रहरले सिकेको साकेला नाच अहिले आफ्नो संस्कृतिको पहिचान पनि भएको बुझेपछि यसप्रति मोह जागेर आएको छ उनीमा । 'प्रकृतिको पूजा र उहिलेका पुर्खाले गर्दै आएको साकेला नाचलाई हामीले पछ्याउँदै आएका हौं", सविता भन्छिन् ।

संस्थाको क्रियाशील गतिविधिका कारण सधैं हट डान्समा नाचिरहने युवायुवतीहरु आफ्नो संस्कृतिको मोहमा डुबेका छन् । घरपरिवारको सहयोगले सिक्ने मौका पाएकी १८ वर्षीया निरूता राईले सिली भाले, मजुर सिली, कुल सिली, पक्षी सिली बाली सिली इत्यादि साकेलामा नाच्ने गरेकी छन् । 'हाम्रो परम्परागत संस्कृतिलाई जोगाउनुपर्छ भन्ने मान्यता म राख्छु', निरूता भन्छिन् ।

बाली भित्र्याउँदा, धान रोप्दा गरिने क्रियाकलापलाई हुबहु उतारेर साकेला सिली नाच्ने गरेकी इटहरी शान्तिनगरकी १७ वर्षीया संगीता राईको अनुभव छ- 'यतिबेला नयाँ धान रोपेर बालीनाली सप्रियोस् भन्ने अभिप्रायले हामीले नाच्ने गरेका हौं ।' वर्षमा एकपटक आउने साकेला नाचमा राईहरु तनमन खोलेर रमाइलो गरेको भेटिन्छ । साथीसंगीसँग सामूहिक रूपमा साकेला नाच्नुको मजै अर्को हुने संगीताको अनुभव छ । उनीहरूजस्ता किरात राई युवायुवतीहरु मात्र नभएर गैरराईहरु पनि साकेला नाच्न र हेर्न आकर्षित हुने गरेका छन् ।

**- सोहन**



# डा. नरेश अरोराको Chase अरोमा कस्मेटिक

हिजोआज बजारमा अनेकन कस्मेटिक प्रडक्टहरु पाइन्छ । ती कस्मेटिकहरूका भीडमा भारतको सुविख्यात कस्मेटिक विशेषज्ञ डा. नरेश अरोरा आफैले प्रडक्ट गरेको chase अरोमा अयल सेक्रेटस्ले नेपालमा चार बर्षयता राम्रो बजार लिइरहेको दाबी नेपालको लागि आधिकारिक सोल डिस्ट्रीब्युटर्स इम्पल्स ट्रेडिङ् प्रा.लि.का सिनियर ब्युटी एक्सपर्ट रमिता श्रेष्ठको छ । chase का कस्मेटिक प्रडक्टहरूको दिनानुदिन माग बढ्नुको पछाडि यसप्रतिको जानकारहरूको वृद्धि मात्र नभई कस्मेटिक विज्ञ डाक्टरको उत्पादन भएकोले पनि chase का विभिन्न कस्मेटिकप्रतिको चासो र विश्वास बढेको ब्युटी एक्सपर्ट श्रेष्ठको भनाइ छ ।

chase कस्मेटिकको बोर्ड हेर्नासाथ कस्मेटिक विज्ञ ब्युटी सर्जन डाक्टर नरेश अरोरासँग भेट्न खोज्ने नेपालीहरू धेरै पाइएको र उनीसँग ब्युटी थेरापीको कन्सलटाइन गर्न चाहनेहरू धेरै नै रहेको पाइएको छ । नेपालमा यदाकदा मात्र मुश्किलले आउने भएकाले समय मिलाउन गाह्रो हुने भएकोले chase को तर्फबाट इम्पलस ट्रेडिङ्ले सर्टटाइमको






निःशुल्क ब्युटीथेरापी तालिम दिने गरेको छ ।

विशेष गरेर यो तालिम ब्युटीपार्लर संचालन गरिरहेका ब्युटीसियन र ब्युटीसियन तालिम लिइरहेकाहरूलाई दिइने गरेको छ । त्यसरी तालिम प्राप्त ब्युटी एक्सपर्ट मार्फत नै सर्वसाधारणलाई chase को लाभदायक कस्मेटिक प्रयोग गर्ने तौर-तरिकाको पहुँच पुऱ्याउने व्यवस्था इम्पलस ट्रेडिङ्ले गरिरहेको म्यानेजिङ डाइरेक्टर वीपेन्द्रराज अमात्यले जानकारी दिएका छन् । मेनेजर अमात्यका अनुसार chase को प्रवर्द्धनको लागि काठमाडौं र काठमाडौं बाहिर ब्युटीसियन एवम् यससँग सम्बद्धहरूलाई भेला गरेर ब्युटी सेमिनार तथा तालिम प्रदान गरिँदै आएको छ ।

chase अरोमा अयल सेक्रेट्स अरोमा थेरापी कस्मेटिक्समा विशेषतः अनुहार तथा शरीरको प्राकृतिक निखारता ल्याउने कस्मेटिक प्रडक्टहरु नै रहेका छन् । chase स्कीन टोनर, अरोमा ब्लीचमा सिल्भर तथा गोल्ड ब्लीचको अलावा स्कीन ग्लो-अयल तथा फेस वासमा अलोबेरा, नीम, तुल्सी र पाइनेपल फेस वास हाल सबैको रोजाइको उत्पादन बनिरहेको छ । अर्कोतर्फ फेसियल किट्समा डाइमण्ड ग्लो, गोल्ड फेसियल किट्स जस्ताले अनुहारमा चमक दिनुको अलावा अनावश्यक पिम्पलस्को तनावाई हटाउने काम पनि यस प्रडक्टबाट भएको छ । फ्रुट फेसियल किट्स, ब्राइडल फेसियल किट्स जस्ता विभिन्न कस्मेटिक प्रडक्ट बाहेक बडी थेरापीको लागि आवश्यक बडी अरोमा मसाज अयल र बडी स्पा किट्स पनि chase कै प्रडक्ट रहेको छ ।

कपालको किसिम अनुरूपका विभिन्न भिटामिनयुक्त स्याम्पु तथा हेयरको ट्रीटमेन्टको लागि आवश्यक हेयर अयल र अनुहारको एन्टी रिकल क्रीम पनि chase को विश्वसनीय कस्मेटिक प्रडक्ट मानिन्छ । साथमा पर्सनल केयर प्रडक्टमा अन्डर आई क्रीम वीथ भिटामिन ई एण्ड ए तथा अक्सी ब्लीचले पनि हाल राम्रो बजार लिन थालेको छ ।



# कपाल तालु हुनबाट बच्ने उपाय

एलोपिसिया भन्नाले कपाल सामान्य भन्दा धेरै झर्ने रोग बुझिन्छ । यस रोगलाई स्पोट-बोल्डनेस पनि भनिन्छ । उमेर अनुसार कपाल वृद्धि हुनु र उमेरको वृद्धिसँगै झर्नु प्राकृतिक चक्रको रूपमा लिने गरिए पनि दैनिक ५० देखि १ सय वटाभन्दा बढी कपाल झर्न थालेमा असामान्य मान्नुपर्ने हुन्छ । यसरी असामान्य ढंगबाट कपाल झर्नाले तालु नै देखिने धेरै संभावना हुने गर्दछ । त्यसरी तालु नै देखिन थालेमा छोप्नको लागि कपाल समेत हुँदैन । यस्तो अवस्थालाई एलोपिसिया इरेटा भनिन्छ । पुरुषहरूमा मात्र देखिने गरेको यसप्रकारको समस्या हाल आएर महिलाहरूमा पनि देखिन थालेको छ । यसो हुनुको प्रमुख कारणमा हारमोनको गडबढी नै हो । कपाल नभएको ठाउँमा दुख्ने तथा चिलाउने गर्दछ । स्वस्थ कपालमा यसप्रकारको समस्या हुँदैन । कपाल तान्दा पनि दुख्दैन र झर्दैन पनि । एलोपिसिया भएको कपालमा तान्दा हातभरि कपाल आउन सक्छ । कुनै कुनै स्थानमा सुन्निने पनि गर्दछ ।

**कारण**

एलोपिसिया हुनुको मुख्य कारण बंशानुगत हो भने अर्कोतर्फ घरमा कसैलाई यो समस्या भएमा अरूलाई पनि हुने संभावना हुन्छ । एलोपिसिया इरेटा जिन्समा मिलेर जान्छ । जसबाट बंशानुगत बन्ने गर्दछ । यो समस्या कुनैबेला इम्युनिटी पावरमा कमी भएमा पनि हुने संभावना बढी हुन्छ । यसबाहेक एलर्जी,



थायराइड, अल्सर अनि रूमेटिक थायराइड लगायत अन्य रोगको कारणले लगातार लामो समय बिरामी परेमा पनि एलोपिसिया हुने गर्दछ ।

**उपचार**

१. प्याजको एक चम्चा रसमा एक चम्चा मह मिसाएर कपालको जरामा लगाउने र हल्का मसाज गर्ने । त्यसको एक घण्टा पश्चात स्याम्पु प्रयोग गर्ने ।
२. नरिवलको तेलले राति मसाज गर्ने र बिहान स्याम्पु गरेमा केही हप्तापश्चात कपाल झर्न रोकिन्छ ।
३. हप्तामा दुई-तीन पटक कागतीको बोक्राले कपालको जरामा हल्का रगडेमा केश झर्न कम हुन्छ । चिल्लो कपाल भएमा यस कार्यले अझ खास काम गर्ने गर्दछ ।
४. जैतुनको तेल र कागतीको रस मिसाएर मालिस गरेमा नयाँ कपाल उम्रन थाल्छ ।
५. दहीमा ५ ग्राम मरिचको धुलो मिसाएर केशमा लगाएर ३० मिनेट पछि सफा पानीले पखाल्ने वा स्याम्पु प्रयोग गर्नाले पनि कपाल झर्न रोकिन्छ ।
६. अदुवाको रस, प्याजको रस र मह बराबर गरेर बाउलमा राख्ने । बाउलमा राखिएको मिक्सलाई केशको जरा-जरामा लगाउनाले नयाँ केश उम्रने गर्दछ ।
७. खानापछि सलादको बढी प्रयोग गरेबाट पनि केश झर्न कम हुन्छ ।

# मनसुन ब्युटी टिप्स



• **रमिता श्रेष्ठ**, ब्युटी एक्सपर्ट

- कतिखेर कतिबेला पानी पर्ने ठेगान नहुने मनसुन सिजनमा विशेष गरेर वाटर-प्रुफ मेकअप गर्नु बद्धिमानी हुन्छ ।
- मनसुन याममा साधारण मेकअप गर्दा राम्रो हुन्छ ।
- स्कीनको प्रकार हेरेर मात्र कस्मेटिक प्रडक्टको चयन गर्नु उचित हुन्छ ।
- पानी परेको बेला आइलाइनरको प्रयोग गर्नुभन्दा स्याडोको प्रयोग गर्ने ।
- बाहिर निस्कदा सन-स्क्रीन वा वाटर प्रुफको मस्चुराइजर प्रयोग गर्नु पर्छ ।
- लिपिस्टिकको प्रयोग गर्दा म्याटको गर्नु राम्रो हुन्छ ।
- कम्प्याक्ट पाउडर वा लुज पाउडरको प्रयोग गर्नु पर्दछ ।
- स्कीनको प्रकार हेरेर क्लीजिङ गर्ने ।
- डण्डीफोर भएको स्कीनमा धेरै कनसेलरको प्रयोग गर्नु हुँदैन ।
- यदि स्कीन धेरै चिल्लो छ भने, कम्प्याक्ट वा लुज पाउडरको प्रयोग गर्ने ।
- दैनिकजसो स्कीन टोनर प्रयोग गर्दा राम्रो ।
- धेरै डार्क मेकअपको प्रयोग गर्नु हुँदैन ।
- दैनिक रूपमा फाउण्डेसनको प्रयोगले स्कीन बिग्रन सक्छ ।
- स्कीनको उचित स्याहार गर्न चुक्नुहुन्न ।
- खानपिनमा पनि उचित ध्यान दिनु पर्दछ ।






# मिसुमी कस्मेटिक ब्राण्डेड कोरियन प्रडक्टको चेन स्टोर

नेपालमा भारतीय र चिनियाँ कस्मेटिकको प्रयोग बढ्दो छ । सुन्दर बन्न अनेक उपाय गर्नेहरूका लागि ती कस्मेटिकहरूले सघाउ पुऱ्याइरहेको पाइन्छ । ब्राण्डेट कस्मेटिकले अनुहार तथा शरीरको सुन्दरतालाई निखारता ल्याउने कार्य गरिरहेको छ । यसमा दुईमत अवश्य नरहला । यद्यपि कतिपय स्थानमा डुप्लिकेट कस्मेटिकको पकडले धेरैको सुन्दरता बिग्रिएको पनि देखिएकै हो ।



मिसुमी कस्मेटिकका अध्यष थापा वसन्त त्यस्ताबाट बच्न उपभोक्ता आफै पनि सचेत भएर ब्राण्डेट कस्मेटिक मात्र प्रयोग गर्ने बानी बसाल्नु पर्दछ भन्छन् । दुई पैसा सस्तो कस्मेटिक पाइयो भन्दैमा अनुहार तथा शरीरको सौन्दर्यमा बिगार भएमा उपचारमा हजारौं-हजार खर्च हुनबाट बच्न आवश्यक भएको सुझाव थापाले दिएका छन् ।

मिसुमी कस्मेटिक कुनै ब्राण्डको नाम नभई पसलको नाम हो । काठमाडौंको सुन्धारास्थित सिभिल ट्रेड सेन्टरको पहिलो तल्लामा रहेको पसल नंबर २२३ बाट कोरियन ब्राण्डेट कस्मेटिकको व्यापार गत वर्षबाट सुरू गरिएको मिसुमी कस्मेटिकको शाखा ललितपुरको कुमारीपाटीमा यो वर्ष जेठ १६ गतेबाट विस्तार भएको छ । कोरियन कस्मेटिकको ब्राण्डेट सपको रूपमा निकट भविष्यमा बौद्ध-चाबहिल, धरान, पोखरा र बुटवलमा समेत विस्तार गर्ने योजना रहेको मिसुमी कस्मेटिकका सिइओ क्यास सोनुले बताएका छन् ।

कोरियाको टप ब्राण्डमा मिस्सा, इटुड हाउस र द फेस सप नै हो । यसभित्र अनुहार र शरीरको लागि आवश्यक सम्पूर्ण कस्मेटिक प्रडक्ट प्याकेज नै पाइने गर्छ । त्यसभित्रका कस्मेटिकमा सामान्य मूल्य १ सय देखि ४ हजारसम्म पर्ने गरेको सिइओ सोनुले जानकारी दिएका छन् । हरेक महिला तथा पुरूषको सपना अरूभन्दा राम्रो देखिनु नै हो । सुन्दर बन्न चाहने सबैका लागि लक्षित गरेर कोरियाबाट सीधै नेपालमा आयात गरेर मिसुमीले कोरियन कस्मेटिक प्रडक्टलाई नेपालको मार्केटमा पहिलोपल्ट लन्च गरेको दाबी पनि सिइओ सोनुको छ ।

मनसुन महिनामा आवश्यक वाटरप्रुफ प्रडक्टहरु जस्तो एन्टी रिंकल, व्हाइटनिङ्, सनीक्रिम, एसपीएफ-४२ लेवलका प्रडक्ट पानीले बगाउन सक्दैन । पानीमा भिज्दा पनि फरक नपर्ने एउटै कोरियन प्रडक्ट बीबी क्रिम बेलमिक्स वाम यो मनसुनको लागि बढी उपयुक्त मानिन्छ । त्यस्तै प्रकारले कोरियन वाटरप्रुफ आइलाइनरलाई मिसुमी कस्मेटिकमा आउने उपभोक्ताहरूले रूचाएको पाइएको छ । नेपालको पहिलो कोरियन ब्राण्डको कस्मेटिक बेच्ने चेन स्टोरको रूपमा मिसुमी कस्मेटिकलाई डेभलप गर्न प्रयत्नशील रहेको पनि मिसुमीका अध्यक्ष थापाले बताएका छन् ।





नव वर्ष २०७१ सालको बहार
कमाण्डर पोष्ट दैनिकको
उपहारै उपहार
अब कमाण्डर पोष्ट दैनिकको
वार्षिक ग्राहक बन्नुहोस् र
जित्नुहोस्
हरेक वार्षिक ग्राहकलाई
भित्तेघडी
हातहातै उपहार
पाक्षिक लक्की ड्र द्वारा
२ जना लाई
अष्ट्रेलियन इलेक्ट्रिक
लाल्टिन उपहार
मासिक लक्की ड्र द्वारा
१ जना लाई
ग्याँस चुल्हो
उपहार
बम्पर उपहार
लक्की ड्र
आकर्षक बेड
प्रथम १ जना
ग्राहकलाई
आकर्षक सोफा
द्वितीय १ जना
ग्राहकलाई
आकर्षक
डाइनिङ टेबल
तृतीय १ जना
ग्राहकलाई
सान्त्वना पुरस्कार
स्ट्याण्ड फ्यान १० जनालाई
शर्तहरु लागू हुनेछन् ।
वार्षिक ग्राहक दर रु. १५००/- मात्र
राष्ट्रिय दैनिक
कमाण्डर पोष्ट
सम्पर्क ठेगाना
युग पब्लिकेशन प्रा. लि.
पुतलीसडक, काठमाण्डौ,
फोन: ०१-४४४०३५०

# यसरी जुऱ्यो बिहेको साइत

४५ नाघिसकेका नायक श्रीकृष्ण श्रेष्ठले पारिवारिक प्रेसर थेग्न नसकेर बिहे गर्ने निर्णय गरेका छन् । त्यो पनि नायिका श्वेता खड्कासँगै । साइत जुरेमा यो असारको अन्त्यमा, नभए यो वर्षको अन्त्यसम्ममा बिहे गर्ने निश्चित भएको उनले बताएका छन् । ढिलो बिहे गर्ने निर्णयमा पुगेका श्रीकृष्णले अझै केही वर्ष बच्चा नपाउने बताएका छन् । श्रीकृष्णको विगत सात वर्षयता नायिका खड्कासँग गुपचुप रूपमा प्रेम-सम्बन्ध कायम हुँदै आएको कसैबाट छिपेको थिएन । यद्यपि, यो जोडीले बिजनेस पार्टनरबाहेक अरू केही होइन भनेर सम्बन्धलाई लुकाउने असफल प्रयास गर्दै आएको थियो ।

दुवैको परिवारमा दुवैको आवत-जावत तथा उठबससमेत हुने गरेको भएबाट पनि दुवैबीचको सम्बन्धलाई दुवैको परिवारले औपचारिकता मात्र दिन बाँकी थियो । त्यस कार्यमा श्रीकृष्णको परिवार नै अगाडि सरेर श्वेताको परिवारसँग दुवैबीचको प्रेमलाई बिहेमा परिणत गर्न अनुरोधपछि सहमतिमा स्वीकृति भएअनुरूप बिहे गर्ने तय भएको जनाइएको छ । नायक श्रेष्ठले हामीले बिहे गर्ने निर्णय गऱ्यौं भनेर मिडियासामु खुलासा गरे तापनि श्वेता चुपचाप बनेकी थिइन् । यसको केही दिनपछि श्वेताले पनि नायक श्रेष्ठको परिवारले घरैमा आएर आफूलाई मागेपछि नाइँ भन्ने कुरै भएन भनेर मनको गाँठो फुकालेकी छन् । श्वेताले नायक श्रेष्ठ निर्मित चलचित्र 'कहाँ भेटिएला'मा अभिनय गर्नु अगाडिदेखि नै उनी अभिनित चलचित्रको पारखी भएको र कहाँ भेटिएलामा अभिनय गरेपश्चात उनीसँगै मन बसेको दाबी गरेकी छन् । काठमाडौंमा रहेको कलिउड प्लानेट नामक होटल व्यवसाय तथा चलचित्र 'कोहिनूर'को बिजनेस पार्टनर भनिएका यी जोडी वास्तविक जीवनकै पार्टनर बन्ने भएबाट दुवैको परिवारले राहत महसुस गरेको बताइएको छ ।

### श्री-श्वेता सम्बन्ध

चकलेटी अनुहारका डान्सर हिरो श्रीकृष्ण श्रेष्ठको अनुहार आँखामा परेको चोटले गडबडी भए पनि त्यसबाट मुक्ति पाउन अनेकन उपाय उनले अपनाए । विभिन्न खाले कसरत तथा औषधिको प्रयोगबाट क्रमिक सुधारको अवस्था देखियो । यसबाट केही वर्ष फिल्मलाइनबाट ब्रेकजस्तो देखिएका उनी आफ्नै लगानीको चलचित्र 'कहाँ भेटिएला'बाट फेरि अभिनयमा फर्किए । यो चलचित्रको लागि नायिका खोज्ने ज्यादै कसरत उनीबाट भयो । नायिकाको लागि अनेकन स्थानमा भौंतारिदा धेरैले उनलाई चलचित्रको लागि नायिका खोजेको कि आफ्नै जिन्दगीको लागि जीवनसाथी खोजेको समेत भनेको उनी स्वयं बताउँछन् ।

'श्रीले त्यसरी महिनौं लगाएर नायिका खोजेको देख्दा कतै यसले नायिकाको नाममा बुहारी पो खोजेको हो कि भन्ने मलाई आशंका पनि जन्मेको थियो ! ठट्टैमा श्री तिमीले नायिकाको नाममा आफ्नो लागि श्रीमती पो खोजेको हो भनेर पनि भनेको थिएँ', श्रीका नृत्यगुरू वसन्त श्रेष्ठ भन्छन् । सबैतिर खोजखाज गरेर थकित बनेका नायक श्रेष्ठको नजर वसन्त श्रेष्ठकै नेशनल डान्स सेन्टरमा डान्स सिक्दै गरेकी श्वेता खड्कामा पऱ्यो । कसो-कसो श्रीलाई श्वेता चलचित्र कहाँ भेटिएलाको लागि फिट होला जस्तो लाग्यो । तत्काल गुरू वसन्तसँग पनि यसबारेमा सल्लाह गरे । वसन्त गुरूबाट ग्रीन सिग्नल पाएपछि निर्देशक शिव रेग्मीलाई देखाएर श्वेतालाई नायिकामा लिएको श्रीलाई हिजोजस्तै लागे पनि सात वर्ष बितिसकेको छ ।

कोहिनूर फिल्म रिलिजको संघारमा दुवैले दर्शकलाई सरप्राइज प्याकेजको रूपमा दुवैको प्रेमलाई खुलासा गरे । बिहे गर्ने दुवैबाट घोषणा भयो । 'श्रीको परिवारले घरसम्मै आएर मलाई माग्न आउनु भयो । मैले नाइँ भन्नै सकिनँ । सबैको चाहनाअनुरूप नै हामीले सल्लाहले नै बिहे गर्ने निर्णय गरेका हौं ।' श्वेताको यो भनाइलाई पुट दिदै श्रीले यो सबै माथिकै लेखा हो भनेर प्रतिक्रिया दिएका छन् । उनले भनेका छन्- 'मलाई श्वेतालाई फस्ट टाइम देख्दा नै मन परेको थियो । पछि उनको बोली-वचन-व्यवहारले मलाई अझ नजिक बनायो । त्यही नजिकले नै बिहेसम्म पुऱ्यायो ।'





तस्वीर : अजय देशार

# तत्काल बच्चा नपाउने

**श्रीकृष्ण श्रेष्ठ**

बिहे भन्ने कुरा माथिबाटै लेखेर आएको हुन्छ । पहिला यो कुरामा खासै मलाई विश्वास थिएन । अब भने विश्वास हुन थालेको छ । मसँग बिहे गर्न चाहने सयौं केटी नआएका होइनन् । कसैप्रति पनि मलाई रूचि नै जागेन । मलाई बिहे गर्ने रहर नै भएको थिएन । त्यसमाथि, घरबाट प्रत्येक दिनजसो बिहे गर्न प्रेसर आइरहयो । आमाले त हरेक साँझ घर फर्कनेबेला कुनै न कुनै केटीको तस्वीर बोकेर बस्नुहुन्थ्यो । आमाको हातमा आइपुगेका ती चाङका चाङ केटीहरूको तस्वीर हेरेर म हैरान बनिसकेको थिएँ । आमाको चाहना मैले बिहे गरेको हेर्नु नै हो । बूढी भैसक्नु भएकी मेरी आमाको चाहनालाई पूरा गर्न भए पनि मैले बिहे गर्न अत्यन्त आवश्यक थियो । धेरै सोचविचार गरें । लामो समयदेखि मेरो चलचित्र तथा विजनेश पार्टनरको रूपमा रहनुभएकी श्वेता खड्कासँग तपाईहरूले पनि धेरै समय यता नाम जोडिरहनु भयो । हामी दुवैबीच एक आपसमा प्रेम पनि थियो । हामी दुवैले व्यक्त मात्र गरेका थिएनौं । अब त्यो समय आयो भनेर यही जेठ महिनाको २० गते मात्र दुवै बसेर बिहे गर्ने निर्णय गर्‍यौं । हामी दुवैको सही निर्णय हो भन्ने मलाई लागेको छ । यसमा लमी तपाई संचारकर्मी मित्र तथा हामीलाई मन पराउनुहुने हाम्रा लाखौं दर्शकहरु नै हुनुहुन्छ । बिहेको मिति तय गर्नका लागि हामी दुवैको परिवार लागिरहेका छन् । चिनाटिप्पण मिलेमा साउन अगाडि नभएमा यो वर्षको अन्तसम्म हाम्रो बिहे हुनेछ ।

**श्वेता खड्का**

म श्रीकृष्णलाई पहिलादेखि निक्कै आदर गर्ने गर्दछु र अहिले पनि गर्छु । बाँचुन्जेल गरिरहनेछु । यस अर्थमा पनि उहाँको सम्मान स्वरूप श्रीदाइ भन्ने गर्दछु । उहाँ मलाई म्याम भन्ने गर्नुहुन्छ । अब बिहेपछि भने उहाँलाई दाइ भन्ने सम्बोधनमा परिवर्तन मैले गर्नेपर्दछ । श्रीदाइको पहिलो प्रेम म हुँ या होइन त्यो म भन्न सक्तिन । मेरोचाहिं उहाँ पहिलो प्रेम तथा अन्तिम प्रेम पनि हो । जन-जनले मन पराएको मान्छेलाई मन पराउनु नौलो कुरा होइन । प्रेमको प्रस्ताव पनि उहाँबाटै आएको हो र बिहेको घोषणा पनि उहाँबाटै भएको हो । यसमा म एकदम खुसी भएकी छु । श्रीदाइ जस्तो जीवनसाथी पाउनु मेरो जीवनकै अहोभाग्य हो । म यस कुरामा भगवानलाई लाख लाख धन्यवाद दिन चाहन्छु । बिहेपछि सबैको एउटै प्रश्न आउने गर्दछ- आमाबुवा कहिले बन्ने ? यसकुरामा पनि हामी प्रष्ट छौं । केही वर्षसम्म हामी आमाबुवा नबन्ने र फिल्मी तथा विजनेश करियरलाई अघि बढाउने योजना रहेको छ ।

**श्रीकृष्णको फिल्मी इतिहास**

डान्सर नायकको रूपमा नाम कमाएका श्रीकृष्ण श्रेष्ठको पहिलो चलचित्र 'भुमरी' हो । त्यसपछि उनले 'कसम' चलचित्रमा अभिनय गरे, जसमा उनी राजेश हमालको को-पार्टनर हिरो थिए । राजेश हमालसँग दुई चलचित्रमा अभिनय गरिसक्दा पनि उनी चर्चामा आउन सकेका थिएनन् । २०५५-०५६ सालतिर अशोक शर्मा निर्मित तथा निर्देशित चलचित्र 'ट्रक-ड्राइभर'मा श्रेष्ठले अभिनय गरेपछि धेरैको दिलमा बस्न सफल भए । त्यसबेला उनले फिल्मलाइनका केटीसँग बिहे गर्दिनँ भनेका थिए ।

नायक श्रेष्ठको उक्त भनाइले उनीसँग चलचित्र 'सीता'को अभिनयताका मात्र होइन, अर्को चलचित्र 'सुनचाँदी'मा समेत हिट जोडीको रूपमा खेलेकी नायिका सारंगा श्रेष्ठलगायत केही नायिकाले चित्त दुखाउने गरेका थिए । कतिपय नायिकाले फिल्मलाइनका केटीहरु बिग्रेकै हुन्छन् भन्ने फिल्मलाइनकै हिरोको धारणा हुनु बडो विडम्बना हो भन्ने प्रतिक्रिया दिएका थिए । त्यस प्रतिक्रियामा नायक श्रेष्ठ सदा मौन देखिए ।

दर्जनौं चलचित्रमा बेग्लै छविका साथ अभिनयका कारण बेग्लै ढंगबाट उनी चर्चामा आए । लाखौं दर्शकको मनमा बस्न उनले सफलता पनि प्राप्त गरे । त्यसै बीचमा नराम्ररी पेटको बिमारीले थला परेपछि परिवारले समेत माया मारिसकेका उनी लाखौं शुभेच्छुकको शुभेच्छा अनि उनलाई चाहने हजारौं महिला शुभचिन्तकको अहोरात्र पूजा-आराधनाबाट दिल्लीको अस्पतालमा उपचार गरेर फर्केपछि पुनर्जीवन पाएका थिए । उनी बिरामी हुँदा उनको काठमाडौं म्हैपीस्थित निवासमा भेट गर्न जानेको भीडले पनि उनको क्रेजलाई पुष्टि गर्ने गरेको थियो ।

'बुहारी' फिल्मको आधा रातसम्म धादिङमा सुटिङ सकाएर अनिंदो भएर सुटिङकै मिनीबसमा काठमाडौं फर्कने क्रममा निद्राले झुलिरहेको बेला उनी बसको सिटको डण्डीमा ठोक्किन पुगे । जसबाट उनको आँखामा नराम्ररी चोट पर्न गयो । उपचारबाट आँखा ठीक भए पनि अनुहारको रूपरंगमा त्यसले ठूलै असर पार्‍यो । यसले गर्दा उनले चाहेर पनि फिल्म खेल्न सकेका थिएनन् । तर, यसबाट पनि उनले मुक्ति पाएपछि फेरि सक्रिय फिल्म जीवनमा फर्केका छन् ।

– स्मृत

www.radiosarangi.com












Radio Sarangi 101.3 MHz, Indrapur-8, Biratchowk, Morang
+977 021 546063, 546073
CORPORATE OFFICE : **Radio Sarangi Network**
Babarmahal, Kathmandu, Nepal, Ph.: 01-4241202
www.radiosarangi.com, info@radiosarangi.com

# नेपाल टेलिकम र ह्वा वैको सुनौलो योजना

दूरसञ्चार सेवाप्रदायक कम्पनी नेपाल टेलिकमले चीनको प्रसिद्ध कम्पनी ह्वा वैसँग साझेदारी गरी उपभोक्तावर्गमा एउटा आकर्षक योजना ल्याएको छ । जसअन्तर्गत ह्वा वै एसेन्ट पी ६ र ईसी ५२२० वाईफाई मोबाइल राउटर अति उत्तम ह्वा वै स्मार्टफोन बजारमा ल्याउने भएको छ ।

नेपाल टेलिकम स्काइप्रोद्वारा आयोजित एसेन्ट पी ६ र ह्वा वै मोबाइल राउटर ग्राहकहरूले खरिद गरेवापत इन्टरनेटको सुविधा निःशुल्क उपभोग गर्न पाउनेछन् । यो योजनासँगै ह्वा वै स्मार्टफोनको साझेदारी अन्तर्गत एसेन्ट पी ६ र इसी ५२२० वाईफाई मोबाइल राउटर खरिद गरेवापत १ हजारबराबर प्रतिमहिना निःशुल्क इन्टरनेट सेवा एक वर्षका लागि र निःशुल्क फिल्प कभर प्राप्त गर्न सकिनेछ ।

साथमा खरिदकर्ताले ५ जिबी डाटा ३ महिना अवधिका लागि निःशुल्क प्राप्त गर्न सक्छन् । यसको अतिरिक्त नेपाल टेलिकमले चाँडै नै नेपाली बजारमा नेपाल टेलिकम स्काइप्रोद्वारा निःशुल्क ३ जीबी डाटा, सिडीएमए युएसबी डोङ्गेल इसी १५६ उपलब्ध गराउने भएको छ ।

यो सुनौलो योजनाले मोबाइल प्रयोगकर्ताहरूलाई ह्वा वैको नौलो उत्पादनद्वारा एनटीसिडीएमए मोबाइल इन्टरनेट ल्याउने आशा राखेको छ । ग्राहकवर्गहरूले यस्तो उत्पादन ह्वा वैको राष्ट्रिय वितरक केन्द्र र ह्वा वैको शोरूमहरूमा प्राप्त गर्न सक्छन्, जुन फ्रेस हाउस भवन, पुरानो नगरपालिकामा अवस्थित छ । अन्य जानकारीका लागि फोन नं. ५२५२१९३ मा सम्पर्क राख्न सकिने कम्पनीले जनाएको छ ।

# एपीएफ क्लबलाई महिन्द्राको प्रायोजन



नेपाल एपीएफ क्लबको पुरूष फुटबल खेल प्रवर्द्धनका लागि अग्नि इन्कर्पोरेटेड प्रालि (महिन्द्रा)ले प्रायोजन गर्ने भएको छ । सो प्रालिले १ करोड ११ लाख रूपैयाँमा पाँच वर्षका लागि प्रायोजन गरेको हो । सशस्त्र प्रहरी बल प्रधान कार्यालयस्थित नेपाल एपीएफ क्लबमा आयोजित कार्यक्रममा सो कम्पनीका प्रबन्ध निर्देशक क्याविनेट श्रेष्ठले सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तलाई १ करोड ११ लाख रूपैयाँको चेक हस्तान्तरण गरेका थिए । अब महिन्द्राको स्वास्थ्य शिविर, रक्तदान कार्यक्रमलगायतका सामाजिक कामकारबाहीमा समेत एपीएफ क्लब सहभागी हुनेछ । सन् १९९१ मा नेपालमा स्थापना भई २२ ठाउँमा विस्तार भएको उक्त कम्पनीले यसअघि दुई वटा छुट्टाछुट्टै क्लबलाई खेलको प्रायोजन गरिसकेको छ भने एभरेष्ट एक्सपीडीसनमा समेत सहयोग प्रदान गरेको छ । वृद्धाश्रम तथा अस्पताललाई सहयोग पुऱ्याएको सो कम्पनीले वातावरणीय तथा जनचेतनामूलक कार्यक्रमहरूमा समेत सहभागिता जनाउँदै आएको छ ।

# अन्तर्राष्ट्रिय स्तरको स्वाद नेपालमा

युनाइटेड लिकर्स प्रालिले परिस्कृत स्वादयुक्त भिस्टा अल्ट्रा प्रिमियम भोड्का बजारमा ल्याएको छ । कम्पनीका अनुसार उत्कृष्ट कस्मेटिक बोतल र उच्च गुणस्तरको आयातित ग्रेन स्पिरिट प्रयोग गरिएको उक्त भोड्का अन्य मदिराहरूभन्दा भिन्न रहेको छ । युनाइटेड लिकर्सले संयुक्त अधिराज्यको यूकेएएस संस्थाबाट प्रमाणित भिस्टा अल्ट्रा प्रिमियम भोड्कामा दक्षिणपूर्वी एसियामै पहिलो पटक विशेष रिफ्याक्टिभ फिल्मिक इफेक्टसहितको लेवल प्रयोग गरिएको जनाएको छ ।




कम्पनीका अनुसार अन्तर्राष्ट्रिय स्तरको प्याकेजिङ र स्वादयुक्त भिस्टा भोड्का सबै उपभोक्तामाझ उचित मूल्यमा ल्याउन सफल भएको छ । बजारमा उपलब्ध भएको एक महिना नपुग्दै यसको विक्रीवितरण र मागमा गुणात्मक रूपमा उल्लेखनीय वृद्धि भइरहेको कम्पनीले जानकारी दिएको छ ।



# यस्तो हुनुपर्छ रिसोर्ट होटल



हिजोसम्म टाढा मानिने बूढानीलकण्ठस्थित पार्क भिलेज रिसोर्ट होटल अब चार लाइनको चौडा बाटो बनेपछि एयरपोर्ट र दरबारमार्गबाट १५ मिनेटमै पुग्न सकिने भएको छ । ५५ रोपनी हरियाली बगैँचामा निर्माण गरिएको यो होटलमा १४५ कोठा, ७ कन्फरेन्स हल, चारवटा रेस्टुरेन्ट र अत्याधुनिक स्पा तथा हेल्थ क्लब रहेका छन् । राजधानीभित्रै जंगलको वातावरणमा रमाउन सकिने भएको हुँदा यो रिसोर्टलाई दक्षिण एसियाकै एउटा राम्रो प्रकृतिमय होटलको रूपमा लिइएको छ । प्रकृति र पर्यटनको मधुर संगमको रूपमा सायद पार्क भिलेज रिसोर्टजस्तो अर्को होटल काठमाडौंमा पाउन मुश्किल छ । त्यसैले यो रिसोर्टमा गतवर्ष मात्रै झन्डै ३५०० वटा साना-ठूला कन्फरेन्स आयोजना गरिएको थियो ।

ठमेल, झमेल भनेजस्तै अब बूढानलीकण्ठलाई पनि नयाँ पुस्ताले रेस्टुरेन्टको लोकप्रियताकै कारण 'बूढानेल' को रूपमा चिन्न थालेका छन् । पहिले धार्मिकस्थलको रूपमा मात्र परिचित यो स्थान अहिले हिल स्टेसनको रूपमा चिनिन थालेको छ । शहरबाट नजिक र प्रशस्त पार्किङ भएको हुँदा हरेक दिन प्रकृतिको छहारीमा चिसो र शान्त वातावरणमा रमाउन मानिसहरु यहाँ आउने क्रम बढिरहेको छ ।

**सेवा सम्पर्कका लागि :**
**०१-४३७५२८०**





## केजिएचले नयाँ होटल खोल्ने

केजिएच होटल समूहले पार्क भिलेज रिसोर्टका साथै काठमाडौंमा काठमाण्डू गेस्ट हाउस, लुम्बिनीमा बुद्धमाया गार्डेन, पोखरामा वाटर फ्रन्ट रिसोर्ट, चितवनको सौराहामा मारूनी स्याङ्चुरी लज सञ्चालन गर्दै आएको छ । आगामी वर्ष सन् २०१५ मा यस समूहले पोखरामा हिमालयन फ्रन्ट र काठमाडौंमा माया मेनोर बुटिक होटल नामक नयाँ होटलहरु खोल्दै छ ।

Email: info@ktmgh.com
Website: www.ktmgh.com



# कस्तो हुनुपर्छ सेलिब्रेटी ?

अमेरिकन कवियत्री इमली डिकिन्सनले भनेकी छन्- 'सेलिब्रेटी भनेका सवल कामहरूको उदाहरण मात्र होइन, ट्यालेन्टका सजाय पनि हुन् ।' उनीहरु सवल कामले परिचर्चामा आउने गर्छन् र सवल कामले पुर्‍याउन सक्ने क्षतिका उदाहरण पनि बन्छन् । सेलिब्रेटी बन्न सजिलो छैन । यो कुनै पद होइन प्राप्त गर्नका लागि । यो बहुसंख्यक मानिसले उसको कामलाई स्वीकार या अस्वीकार गरेपछि प्राप्त हुने सामाजिक सम्बोधन हो । तर, आजको नेपाली पुस्ताले यो व्याख्यालाई आधार मानेका छैनन् । सामाजिक सञ्जालको प्रयोग बढेपछि आजको पुस्ता सेलिब्रेटी लहडमा उन्माद भइरहेको पाइन्छन् । काम गर्नेभन्दा पनि लोकप्रियता कमाउने चाहना नयाँ पुस्तामा व्यापक हुन थालेको छ । मान्छे कामका कारण सेलिब्रेटी हुन्छन् तर यहाँ तस्बिर, भिडियो र फिल्ममा छिर्दा सेलिब्रेटी भइन्छ भन्ने भ्रममा भटाभट नयाँ पुस्ता त्यतातिर लम्किएको पाइन्छ । पनि वास्ता नहुँदा आजको पुस्ताले सेलिब्रेटीको अर्थ बुझ्नुपर्ने बताउँछन् कलाकारहरु । 'विश्वबजारमा हेर्ने हो भने सेलिब्रेटीहरु आफू खुल्न चाहँदैनन्, उनका व्यक्तिगत जीवनका प्रसंगहरु मिडियामा कुनै खास माध्यमबाट चुहाएको हुन्छ तर नेपाली कलाकारहरु सामाजिक सञ्जालदेखि हर मिडियामा आफ्ना व्यक्तिगत कुरालाई खुलेर भन्छन्', गायिका दीपा पन्त भन्छिन्, 'नेपाली आर्टिस्टमा सेलिब्रेटीको मान्यता त्यति बुझिएको छैन ।'

बहुपरिचित भएकी अभिनेत्री रेखा थापाले निर्माता छविराज ओझालाई सम्बोधन गरेर सामाजिक सञ्जाल फेसबुकमा एउटा स्ट्याटस राखेका थिइन् । जसले उनीहरूको आन्तरिक द्वन्द्वको कारण प्रष्ट मात्र बनाएन, उनीहरूको सम्बन्धको आधारको मापन पनि गरेको थियो । रेखाको सम्बोधन र लेखाइ एउटा खास सेलिब्रिटीको पटक्कै नभएको प्रतिक्रिया सर्वत्र आयो, सन्दर्भ थियो छविको अन्तरवार्ताको





सेलिब्रेटीले बोलेका कुरा पनि व्यक्तिगत रहन हुन्न । त्यसले सामाजिक क्षेत्रमा ठूलै चर्चा पाउने गर्दछ । सेलिब्रेटीका हरेक काममा हरेक प्रकारका प्रतिक्रियाहरूले चर्चा सुरु गर्दछ । 'मलाई मेरो व्यक्तिगत जीवनका बारेमा भन्न मन लाग्दैन, जब मैले भन्नेछु यो व्यक्तिगत रहने छैन', प्रख्यात अमेरिकन अभिनेता, निर्देशक, निर्माता जर्ज टिमोथी क्लुनीले भनेका छन्, 'सेलिब्रेटीका कतिपय व्यक्तिगत जीवनका प्रसंगहरूले आफ्ना शुभचिन्तकहरूलाई मर्ममा पार्न सक्छ । त्यसकारण शुभचिन्तकको खुसी सेलिब्रेटीको चाहना बन्नुपर्छ ।'

विश्वबजारमा सेलिब्रेटीहरूका फरक प्रसंग आउँछन् । उनीहरूले गरेका कामका फरक चर्चा देखिन्छन् । नेपाली नयाँ पुस्ताले सेलिब्रेटीको गतिविधि राम्रोसँग चिन्न सकेका छैनन् । भारतीय अभिनेता अक्षय कुमार नेपाल आउँदा देखिएको भीड र नेपाली कलाकारहरु सडकमा ठोक्किँदा प्रतिक्रियाको । छविले पनि आफ्नो छविको मूल्यांकनै नगरी रेखाका बारेमा गलत ढंगको व्याख्या गरी अन्तरवार्ता दिएका थिए । 'यस्ता प्रसंगहरूले उनीहरु सेलिबव्रटी हुन् भन्नका लागि समस्या हुन्छ', कला पत्रकार डिबी खड्का भन्छन्, 'सेलिब्रिटीले आफ्नो तह र आफ्नो न्युनतम हाइटको बारेमा ख्याल गरेन भने त्यो गिर्दै र गुम्दै जान्छ ।'

विश्वमा ख्याति कमाएका सेलिब्रेटीहरूले आफ्नो स्वतन्त्र जीवनका बारेमा त्यति खुलेर बयानबाजी गर्ने कुरा त परै जाओस् अति गोप्य रूपमा आफ्नो चाहना पनि पूरा गर्छन् ।

अमेरिकन गायिका सेलेना गोमेज नेपालका विभिन्न ठाउँ घुमेर फर्किन् । नेपालका मै हुँ भन्ने कलाकारहरूले पनि उनको नेपाल प्रवेश, ग्रामीण इलाकाको भ्रमण र उनी फर्केको खबर थाहा पाएनन् । विश्वबजारमा निक्कै चर्चामा रहेकी गोमेज आफ्नो व्यक्तिगत जीवनमा प्रेममा समस्या आएपछि





# विश्वमा चर्चित बन्दै गएका अनुहार



नरेन्द्र मोदी

नरेन्द्र मोदी भर्खरै भारतका प्रधानमन्त्री भएका छन् । उनी विश्वमा सर्वाधिक रूचाइएका सेलिब्रेटीका रूपमा पनि व्याख्या गरिएका व्यक्ति हुन् । सामाजिक सञ्जालहरु फेसबुक र ट्वीटरमा विश्वभरमा सर्वाधिक रूचाइएका मध्येका उनी एक हुन् । उनको लोकप्रियता राजनीतिक क्षेत्रमा विकासको लक्ष्य, जनतालाई सम्बोधन गर्ने शैली र अनुशासित व्यवहारका रूपमा व्याख्या गरिएको छ ।



क्रिस्चियानो रोनाल्डो

पोर्चुगलका क्रिश्चियानो रोनाल्डो चर्चित फुटबलर हुन् । केही समयअघि एउटा म्यागेजिनको कभरका लागि आफ्नी प्रेमिकासँग न्युड फोटोसुट गरेका कारण उनको चर्चा थप उत्कर्षमा पुग्यो । उनी स्पेनको क्लब रियल म्याड्रिडका प्लेयर हुन् । उनी पनि बेलाबखत खेलका क्रममा देखाउने उग्र रूपका कारण विवादमा आइरहन्छन् ।



कपिल शर्मा

अहिले विश्वभर सर्वाधिक हेरिने टेलिभिजन कार्यक्रममा पर्छ, कमेडी विथ कपिल । त्यसका निर्माता तथा सञ्चालक कपिल शर्मा सर्वाधिक रूचाइएका व्यक्तिमा पर्दछन् । उनले भारतका ठूला हस्तीहरूलाई सामाजिक सञ्जालमा उछिने । बलिउडका चर्चित अनुहार सलमान, शाहरूखजस्ता हस्तीभन्दा उनको चर्चा अहिले सामाजिक सञ्जालमा बढिरहेको छ । उनको ख्याति कमेडी कार्यक्रमले बनाएको हो ।



साकिरा

कोलम्बियाली गायिका साकिरा पनि चर्चित छिन् । उनी विश्वचर्चित गायिकामा पर्छिन् । खासगरी विश्वकप फुटबल सुरू हुने बेला उनले ल्याउने गीत र म्युजिक भिडियोका कारण उनका चर्चा यसबेला व्यापक हुने गरेको छ । उनी बितेको चार वर्षमा दुई छोराछोरीकी आमा भएपछि अहिले चर्चा कमजोर बन्दै गएको बताइन्छ । गीतसँगै वेली डान्सका कारण उनको चर्चा चुलिन्छ ।



जष्टिन बाइबर

जष्टिन बाइबर अमेरिकी गायक हुन् । किशोरावस्थामा नै उनको गीतले विश्वबजार पिटेको थियो । बेबी बेबी भन्ने गीतका कारण उनी निक्कै चर्चित भए । तर, उनका केही व्यवहारका कारण उनको चर्चा कमजोर बन्दै गएको पत्रपत्रिकाहरूले उल्लेख गरेका छन् ।



शाहरूख खान

पछिल्लो समय संसारका दोस्रो धनी कलाकारका रूपमा शाहरूख खानको स्थान आएपछि उनको चर्चा चुलिएको छ । उनी बलिउडका हस्ती मात्र होइन आइपीएल क्रिकेट विजेत कोलकाता नाइट राइडरका मालिक पनि हुन् । अहिले उनी बलिउडमा सम्पत्तिका कारण चर्चामा रहेका सेलिब्रेटी हुन् ।

शान्त हुनका लागि नेपाल आएकी थिइन् । उनले आफ्नो ट्वीट र अमेरिकी अखबारहरूसँग पनि नेपालमा शान्तिले केही समय बिताउनका लागि गएको प्रष्टीकरण पस्किन् । उनले आफ्नो व्यक्तिगत जीवनका बारेमा त्यति मात्र भनिन्, जति उनले आवश्यक ठानेकी थिइन् ।

सेलिब्रेटी बन्ने होडमा नेपाली कलाकारहरूले आफ्ना जीवनका बारेमा त केही बाँकी राखेका छैनन्, अर्काको जीवनका बारेमा पनि अश्लीलताको नमूना पेस गरेरै सार्वजनिक वक्तव्यवाजी गर्न थालेका छन् । कतिपयको त बोल्ने शैली छैन भने उनीहरूका भाषा र शब्द नै तल्लो तहको छ । नेपाली चलचित्रकी अभिनेत्री सुमिना घिमिरेले पत्रकार विजय आवाजलाई दिएको धम्कीको भाषा निक्कै तल्लो तहको थियो । उनले माफी मागे पनि उनको त्यो अडियोको निक्कै आलोचना भयो । कतिपयले सुमिनाको चरित्रमाथि पनि प्रश्न गरे, भाषाका कारणले ।

हुन त विश्वबजारमा पनि कतिपय सेलिब्रेटीहरु अपवादका रूपमा देखा पर्छन् । सेलेना गोमेजका ब्वाई फ्रेन्ड भनिएका जष्टिन बाइबरले एक सार्वजनिक कार्यक्रममा आफ्ना फ्यानहरूलाई नै थुकेको खबरले विश्वबजार तातेको थियो । उनको क्रेज घट्नुको कारण उक्त व्यवहार पनि रहेको विश्लेषण गरिएको थियो ।

विवादमा नआउने तर सेलिब्रेटीको रूपमा सबैले स्वीकार्ने अनुहारहरु फिल्मी, गायन र खेल क्षेत्र सबैतिर हुने गरेका छन् । नेपाली सन्दर्भमा भने पत्रकारिता क्षेत्रमा पनि सेलिब्रेटीहरु बढ्न थालेका छन् । राजनीतिक रूपमा डा. बाबुराम भट्टराई, गगन थापा, गोकर्ण विष्ट जस्ता नेताहरूको चर्चा ह्वात्तै चुलिएको छ । खेल क्षेत्रमा विमल घर्तीमगर, पारस खड्का, शरद भेषावकर, शक्ति गौचन सेलिब्रेटीको सूचीमा परिसकेका छन् भने पत्रकारिता क्षेत्रमा रवीन्द्र मिश्र, विजयकुमार पाण्डे, युवराज घिमिरे, नारायण वाग्ले, सुधीर शर्मा जस्ता व्यक्तिको चर्चा कम छैन ।

**- विनोद ढकाल**





# विश्वकपमय फेसन

हरेक ४ वर्षमा आउने विश्वकप फुटबल जेठ ३० गते मध्यरातिबाट सुरू भएको छ । ३३ दिन चल्ने यो महाकुम्भ मेला सुरू हुनु एक महिना अघिबाटै नेपालमा पनि व्यापक लहर उर्लिएको पाइएको छ । नपत्याउँदो तरिकाले विश्वकप खेल्ने ३२ राष्ट्रको जर्सीको व्यापार बढेको देख्दा काठमाडौं नयाँ बानेश्वरस्थित स्पोर्टस् युनिभर्स नामक खेल सामग्रीको स्टोर खोलेर बसेका कीर्तिमानी तेक्वान्दो खेलाडी दीपक विष्टसमेत तीनछक्क परेका छन् । खेलाडी विष्टको स्पोर्टस् युनिभर्समा बढी मात्रामा अर्जेन्टिना र ब्राजिलको जर्सी रोज्ने ग्राहकहरूको भीड देखियो ।

६ सय ७५ रूपैयाँदेखि ९ सय ५० सम्म पर्ने ती जर्सीको एक्कासि माग हुँदा पूरा गर्ने अवस्था नै नभएको कीर्तिमानी खेलाडी विष्टको अनुभव छ । अर्जेन्टिना पक्षधर खेलाडी विष्टले आफूलाई लगाउने जर्सीसमेत स्टक नहुने गरी बिक्री भएको बताए । ब्राजिलको तुलनामा विश्वकपको २०औं संस्करणमा नेपालमा अर्जेन्टिनाप्रति धेरैको आकर्षण देखिएको विष्टको बुझाइ छ । अर्जेन्टिनाको जर्सी राख्नै नपाउने गरेर हातहातै बिक्री भएको यथार्थ हट नेपाल टीम विष्टको स्टोरमा पुग्दा देखियो । शंखमुलका विश्वकपप्रेमी सरोज प्रधान डेढ वर्षका छोराका लागि पनि उनकै साइजको अर्जेन्टिनाको जर्सी स्टोरको काउन्टरमा बसेका विष्टसँग मागिरहेको पाइयो । डेढ वर्षको बच्चाका लागि जर्सी खोज्ने खेलप्रेमी प्रधानलाई उक्त साइजमा आफ्नो स्टोरमा जर्सी नभएको भनिरहँदा ती ग्राहक निराश बनेको पनि देखियो । त्यस्तै, नायिका केकी अधिकारीले पनि खेलाडी विष्टजस्तै अर्जेन्टिनाको फ्यान भएकीले चावहिलको स्पोर्टस् स्टोरबाट अर्जेन्टिनाको जर्सी किनेर लगाएको बताएकी छन् । ललितपुरको सौगलमा भेटिएकी स्वीमिङकी कीर्तिमानी खेलाडी श्रेया धिताल भने ब्राजिलको फ्यान देखिएकी छन् । पाँच पल्ट विश्वकप जितेको देश ब्राजिलबाहेक अरू देशप्रति आफ्नो कुनै समर्थन नहुने खेलाडी धिताल बताउँछिन् । ललितपुरकै लगनखेलस्थित एक स्पोर्ट हाउसमा इंगल्याण्डको जर्सी किन्न व्यस्त बनेकी नवकान्तिपुर ड्राइभिङ सेन्टरकी सिइओ सीता धमला आफू इंगल्याण्डप्रेमी भएकोले विश्वकपभर इंगल्याण्डकै जर्सी लाउने बताइन् । जर्सी किनेपछि धमलाले आफूले किनेको जर्सी १ हजार ५० परेको बताइन् ।



तस्वीर : अजय देशार

ब्राजिलको समर्थक नायक धीरेन शाक्यले यो वर्षको विश्वकप ब्राजिलमा नै भइरहेकोले ब्राजिलले नै जित्ने ठोकुवासमेत गरे । पाटनको भाटभटेनी सुपर स्टोर्समा ब्राजिलको जर्सी किनेका नायक शाक्यले विश्वकप अवधिभर उक्त जर्सी लगाउने बताए । काठमाडौं र काठमाडौं बाहिरका स्पोर्ट्स हाउसमा पनि विश्वकप खेलिरहेका ३२ राष्ट्रका जर्सी र जुत्ता अनि झण्डा किन्नेहरूको भीड देखिएको छ । बढी मात्रामा विश्वप्रसिद्ध फुटबल खेलाडी पेलेको देश ब्राजिल र म्याराडोनाको देश अर्जेन्टिनाप्रति नेपालीहरूको आकर्षण बढ्नुमा ती विश्वप्रसिद्ध खेलाडीहरूकै कारण भएको हुनुपर्ने तर्क भक्तपुरको सुकुलढोकास्थित स्पोर्टस् हाउसका सञ्चालक नेत्रमान कर्माचार्यको छ । उनले ब्राजिल र अर्जेन्टिनाको जर्सी बराबरी नै बिक्री भएको जानकारी दिए । चारपल्ट विश्वकप जितेको मुलुक इटालीको समर्थक देखिएकी पूर्वी नेपालको पूर्वफुटबल खेलाडीसमेत रहेकी अभिनेत्री सिर्जना सुब्बा यो वर्षको विश्वकपमा पनि इटालीकै समर्थक बनेर इटालीकै जर्सी लगाउने बताउँछिन् ।

पोखराको पोखरा स्पोर्टस् हाउसका सञ्चालक विकेश शाक्यले



# जेनिफरले तताइन्
# फुटबल दर्शक

**हलिउड अभिनेत्री एवम् पपस्टार जेनिफर लोपेज, र्‍यापर पिटबल र क्लाउडिया लिटेले फिफा विश्वकपको थीमगीत 'वी आर वन, ओले, ओले' गाएर ब्राजिलको साओपाओलोस्थित एरिना डे रंगशालाको उद्घाटन समारोहलाई रोमाञ्चक बनाउने काम गरे ।**

विश्वकपको पहिलो दिन ब्राजिल र क्रोयसियाबीचको भिडन्तअगाडि जेनिफर लोपेजको हाउभाउ तथा उत्तेजक ड्रेसले खेलाडी तथा दर्शक सबैलाई तताएको थियो । केही समय सेलाएकी जेनिफरलाई विश्वकप थीमगीतले फेरि चर्चामा ल्याएको छ । सन् १९६९ जुलाई २४ मा जन्मेकी जेनिफरले यसपालिको विश्वकप थीमगीत गाएकीले विश्वभर फेरि चर्चा पाएकी छन् । उद्घाटन समारोहमा हट ड्रेसबाट सबैलाई मोहित पारेकी जेनिफर अमेरिकन गायिका मात्र नभई अभिनेत्री तथा फेसन डिजाइनरसमेत हुन् । विश्वकप थीमगीत स्टेजमा गाउनका लागि आफ्नो आकर्षक ड्रेसको डिजाइनसमेत उनी आफैँले गरेकी थिइन् । माइ लिट्ल गर्लदेखि द विडिङ प्लानरसम्म दर्जनौं हलिउडका फिल्ममा अभिनय गरेकी ४५ वर्षीया जेनिफरको सुन्दरतामा कमी आएको छैन ।

### जेनिफर भर्सेस साकिरा

४ वर्षअघिको दक्षिण अफ्रिकाको जोहानेसवर्गमा सम्पन्न अघिल्लो संस्करणको विश्वकप उद्घाटन समारोह धेरैको मानसपटलमा अझै ताजै छ । जोहानेसवर्गस्थित सकर सिटीमा सम्पन्न १९औं विश्वकप उद्घाटन समारोहमा साकिराको रोमाञ्चक प्रस्तुतिले सबैको ध्यान खिचेको थियो । विश्व चर्चित कोलम्बियन गायिका साकिराले गाएको 'वाका वाका दिस टाइम फर अफ्रिका' संगीतप्रेमीको मनमस्तिष्कमा अझै डेरा जमाएर बसेको छ । उक्त विश्वकपमा फुटबलसँगै साकिराको सांगीतिक प्रस्तुति, सकर सिटीको भव्य उद्घाटन समारोह र नेल्सन मन्डेलाको लोकप्रियताको चर्चा व्याप्त रह्यो ।

विश्वकपसँग जोडिएका गीतको लोकप्रियतामा साकिराको 'वाका वाका' अहिलेसम्म पहिलो नम्बरमा छ । 'वाका वाका' सार्वजनिक भएसँग तीव्र रफ्तारमा विश्वभर फ्यान बढेको थियो । अंग्रेजी, पोर्चुगिज र स्पेनिस गरी तीन भाषामा निकालिएको जेनिफरको 'वी आर वन'लाई त्यो रफ्तार हासिल गर्न गाह्रो पर्ने देखिन्छ । गएको मे १६ तारिखमा रिलिज भएको पिटबल, जेनिफर लोपेज र क्याउडिया लिटेले गाएको 'वी आर वान' बोलको गीत जुन १३ सम्ममा ८ करोडभन्दा बढीले (८४,०२७,०५३) हेरिसकेका छन् । साकिराले यसै वर्षका लागि भनेर सार्वजनिक गरेको 'ला ला ला' गीत भने झण्डै १० करोडभन्दा बढीले (१०७,५२०,९२८) हेरिसकेका छन् । विश्वकपको अफिसियल गीतभन्दा साकिरा गीत ६ दिनपछि रिलिज भएको थियो । सन् २०१० को दक्षिण अफ्रिका विश्वकपको अफिसियल गीत अहिलेसम्म ६८ करोड (६८०,७२१,०७६) भन्दा बढीले हेरिसकेका छन् ।

### इतिहासमा विश्वकप थीमगीत

विश्वकपकै लागि भनेर बनाइएका गीत–संगीतले फुटबलको महाकुम्भलाई थप ऊर्जा थप्ने काम गर्दै आएको छ । यसअघि अरूले गाइसकेका गीत विश्वकपसँग मिल्दोजुल्दो भएमा त्यसलाई विश्वकपको आधिकारिक गीत मानिन्थ्यो । सन् २००२ को कोरिया–जापान विश्वकपबाट प्रतियोगिताकै लागि भनेर गीत बनाइन थालेको हो ।

विश्वकपकै लागि भनेर गीत बनाउने चलन सन् १९६२ मा चिलीमा भएको आठौं विश्वकपबाट सुरू भएको हो । लस ज्याम्बलरस नामक रक एन्ड ज्याज ब्यान्डले आफ्नो टिमलाई हौस्याउन तयार पारेको 'रक द वर्ल्ड' बोलको गीत विश्वकपताका निकै चर्चित भएको थियो । फलस्वरूप यसलाई सन् १९६२ को विश्वकपको आधिकारिक थीम गीतका रूपमा अपनाइयो । सन् १९९८ को रिकी मार्टिनको 'द कप अफ लाइफ' बोलको गीत अझैसम्म चर्चित छ । सन् २००२ पछि विश्वकपकै लागि भनेर धेरै गीतहरू तयार हुन थाले । त्यस बेला 'बुम' र २००६ मा 'सेलिब्रेट दी डे'लगायत गीत विश्वकपका लागि चर्चित गीतमध्ये पर्छ ।

दिएको जानकारी अनुसार पोखरामा ब्राजिल, अर्जेन्टिना र पोर्चुगलका जर्सीको विक्री निकै बढेको छ । चितवनका डीएस स्पोर्टस्का व्यापारी सुवास अधिकारीले ८० प्रतिशत ब्राजिल र अर्जेन्टिनाकै जर्सी विक्री भइसकेको जानकारी दिए । लमजुङ बेसीशहरका फुटबल खेलाडी समेत रहेका स्पोर्टस् व्यवसायी किशोर पियाले बेशीशहरमा विश्वकपको क्रेज निक्कै बढेको र विश्वकप जितिसकेका ब्राजिल, इटाली, जर्मनी, अर्जेन्टिना, उरूग्वे, फ्रान्स, इंगल्याण्ड तथा स्पेनका जर्सीको माग बढी भएको बताए ।

विश्वकपको ज्वरो नेपालीहरूको मनमुटुमा यतिसम्म चढेको छ कि कतिपय कार्यालयमा विश्वकप खेलिरहेका देशको जर्सी लगाएर काम गर्ने कर्मचारीहरु पनि प्रशस्त देखिन थालेका छन् । बहुराष्ट्रिय जीवन बीमा कम्पनी मेटलाइफ एलिकोमा काम गर्ने अधिकांश कर्मचारीको जीउमा विश्वकपको जर्सीको फेसन नै देखियो । विश्वकपभर जर्सी लाएर कर्मचारीलाई काम गर्न छुट दिइएको त्यहाँका अधिकारीहरूले बताए । चार वर्षमा एकपल्ट आयोजना हुने विश्वकप फुटबल भएर पनि नेपाल मात्र होइन, सबै राष्ट्रमा यसप्रकारको क्रेज तथा फेसन उर्लेको खेलमनोविज्ञ रमेश खनालको बुझाइ छ ।



# स्टोन फरेष्टको

**प्रकाशबाबु पौडेल**

चीन मेरो वैदेशिक यात्राको पहिलो गन्तव्य थियो । हाइस्कुलको विद्यार्थी हुँदा मैले पहिलोपल्ट ग्रेटवालको बारेमा सुनेको थिएँ- चन्द्रमाबाट पृथ्वीमा देखिने एकमात्र मानवनिर्मित संरचना । त्यसैले मलाई के लाग्दथ्यो भने त्यो निश्चय नै विशाल हुनुपर्छ । नत्र कसरी चन्द्रमाबाट देख्न सकिन्छ ?

निश्चय नै त्यो विशाल रहेछ । मैले आफ्नो विदेश यात्राको पहिलो थालनी नै सन् १९९० मा ग्रेटवाल उक्लिएर गर्ने मौका पाएँ, त्यसको व्यवस्था रेडियो पैचिङले मिलाइदिएको थियो । त्यसपछि मेरो चीनयात्राको सिलसिला हालसम्म अनवरत अगाडि बढिरहेको छ । दुई दशकभन्दा लामो यात्राको क्रममा चीनका विभिन्न विश्वप्रसिद्ध स्थलहरूको अवलोकन गरें । अझै मेरो मानसपटलमा ती यात्रा सम्झनाहरू ताजै छन् । यस पटक भने म आफूले गरेको चीनको दक्षिणपश्चिम क्षेत्रमा पर्ने युनानको राजधानी कुनमिङ र विश्वप्रसिद्ध स्टोन फरेष्टको यात्राबारे केही शब्द कोर्दै छु ।

सन् २०१२ को अन्त्यतिर एकाएक मेरो पैचिङ जाने कार्यक्रम तय भयो । प्रायजसो म बैंकक वा ग्वाङ्जौ भएर पैचिङ जाने गर्दछु । त्यस यात्राको लागि भने मैले पूर्वी चीनको उंगनबाट कुनमिङ हुँदै पैचिङ जाने विचार गरें । मलाई धेरै यात्रीहरूले युनान प्रान्तको जातीय तथा सांस्कृतिक विविधता, प्राकृतिक सुन्दरता (नेपालकै जस्तो भूबनोट र हावापानी) सुन्दर कुनमिङ शहर, त्यहाँका चियाबगान र विश्वप्रसिद्ध स्टोन फरेष्टबारे बताएका थिए ।

धेरै यात्रीहरूले युनान प्रान्तको स्टोन फरेष्टको यात्राविना समग्र चीन भ्रमण पूर्ण हुन सक्दैन भनेका थिए । मलाई त्यसले लामो समयदेखि लोभ्याइरहेको थियो र यसपालि त्यहाँ जाने नै निधो गरेर विमानको टिकट लिएँ । पैचिङको कार्यक्रम सकेर डिसेम्बर १८ तारिख म कुनमिङ पुगें । मेरो दिउँसोको उडान र दिन पनि सफा भएकाले विमानबाट राम्रोसँग युनान र कुनमिङ वरपरका क्षेत्रहरूको अवलोकन गरें । समग्र युनान प्रान्त नेपालजस्तै पहाडी भएजस्तो लाग्यो । विमान अनेकन पहाड, उपत्यका, नदी र तालहरूमाथि उडिरहेको थियो । एयरपोर्टमा उत्रनका लागि विमानले कम उचाइ लिइरहेका बेलामा ठूल्ठूला जलविद्युत् परियोजनाको लागि बाँधको निर्माणपश्चात् बनेका तालहरू, राजमार्गहरू र फैलँदै गएका शहरी विकासका क्षेत्रहरू (आवास क्षेत्रका भवनहरू) स्पष्ट देखिन्थे ।

विमानबाट उत्रेपछि मध्यशहरतर्फ लागें । एयरपोर्ट र शहरको दूरी टाढै रहेछ । कहिलेकाहीं काठमाडौंको झल्को आउँथ्यो । भौगोलिक सामिप्यका कारण मात्र हो, नत्र पूर्वाधार र अन्य भौतिक विकासलाई हेर्दा काठमाडौंसँग तुलना गर्नै सकिंदैन ।

शहरमा पुगेपछि होटल र भोलिपल्ट







# रोचक यात्रा







स्टोन फरेष्ट घुम्ने व्यवस्था मिलाएँ । मैले बुक गरेको होटलले नै स्टोन फरेष्टको पूरा दिनभरिको टूर चलाउँदो रहेछ, सजिलै भयो । भोलिपल्ट १९ तारिख बिहान ७ बजे यात्रा सुरू भयो ।

एउटा माइक्रो बसमा हामी ६ जना यात्रु थियौं । मबाहेक सबै चिनियाँ । एक जना सांघाईबाट आएकी महिला यात्रुलाई अलिअलि अंग्रेजी आउँदो रहेछ, उनी हाम्रो समूहमा भएकीले निकै सजिलो भयो ।

हाम्रो गाडी तीव्र गतिमा पहाडहरू छिचोल्दै अगाडि बढ्यो, त्यस क्रममा साना साना उपत्यका र तलाउहरू पनि हामीले पार गर्‍यौं । झण्डै ३ घण्टाको ड्राइभिङपश्चात् टूर गाइडले हामी स्टोर फरेष्टको प्रवेशद्वारमा आइपुगेको बताए र गाडी पार्किङ गरे ।

म अनौठो मान्दै थिएँ, फोटोमा देखेको अग्ला पत्थरहरूको जंगलको सट्टा त साँच्चैकै घना जंगल पो देखियो । प्रवेशद्वारबाट मानिसहरू हिंडेर वा वातावरणमैत्री विद्युतीय गाडीबाट स्टोन फरेष्ट क्षेत्रमा जाने रहेछन् । मेरो समूहका अन्य दुई जना हिंडेर जान तयार भए, म उनीहरूको पछि लागें । करिब आधा घण्टाको हल्का उकालो पार गरेपछि साँच्चै म विश्वको पहिलो आश्चर्य स्टोन फरेष्ट पुगें । मानिसहरूको घुइँचो अत्यन्तै बाक्लो थियो । हातमा झण्डा लिएर टूर समूहका गाइडहरू आफ्ना ग्राहकहरूको झुण्डलाई हाते माइकको सहाराले सायद स्टोन फरेष्ट बारे बताइरहेका थिए ।

एउटा अग्लो ठाउँबाट निकै परसम्म फैलिएको दृश्यलाई नियालें । त्यो साँच्चै अद्भूत थियो, ठूल्ठूला ढुंगाहरूलाई जमिनमा गाडेर रूख जसरी ठड्याएजस्तो लाग्थ्यो । एउटा दुइटा होइन त्यहाँ त हजारौं त्यस्ता ढुंगाका रूखहरू देखिन्थे । त्यसैले भनिएको होला स्टोन फरेष्ट । त्यस्ता ढुंगाहरू जमिन र तलाउबाट उत्पत्ति भएर वृक्षजसरी नै अग्लिएका थिए ।

हाम्रो समूहले सानाठूला ती जंगलहरू पार गर्‍यो । यात्रुहरूको सुरक्षित यात्राका लागि रूटहरू निश्चित गरिएको रहेछ । बाटोमा युनान प्रान्तका जनजातिहरूको सांस्कृतिक झाँकीहरू प्रस्तुत गर्ने व्यवस्था पनि रहेछ । नाचगान चलिरहेको थियो । स्टोन फरेष्टको सुन्दरताले यति मोहित गरेको थियो कि त्यहाँबाट फर्कन मन नै लागेको थिएन ।

मन्द चिसो हावा, ससाना तालहरू, तालहरूको बीचबाट सीधा ठडिएका ढुंगाका रूखहरू, मानिसहरूको भिड, नाचगान निकै रमाइला दृश्यहरू थिए । माथि ठडिएका ढुंगाहरूको पनि अनेकन रूप कल्पना गर्न सकिन्थ्यो, कुनै युवक, युवती, घोडा र मानिसको लिंग ।

ती ढुंगा वृक्षहरूको एउटा समान विशेषता के थियो भने कुनै निश्चित उचाइमा तिनीहरूको बाहिरी घेरालाई गोलाकार ढंगले काटिएको जस्तो । साँच्चै नै ती दृश्यहरू अद्भूत थिए । स्टोन फरेष्ट प्रकृतिको सृजना भएकाले यसलाई 'फर्ष्ट वन्डर अफ वर्ल्ड' भन्नु पनि तर्कसंगत लाग्यो मलाई । मेरो मानसपटलमा एउटा प्रश्न भने उब्जिरह्यो- यो कसरी सृजना भयो होला ?

हाम्रो समूहले पूरा दिन त्यहाँ बितायो । सबै स्टोन फरेष्टलाई साक्षात्कार गर्न पाएकोमा खुसी देखिन्थे । यो यात्रापश्चात् मलाई भने हालसम्म गरिएको चीन यात्राले पूर्णता पाएजस्तो अनुभूति भइरहेको थियो ।

द क्षिण-पश्चिमी चीनको स छ्वान प्रान्तको कान च तिब्बत स्वायत्त प्रिफेक्चरमा चिन शा नदी पर्छ । यो नदीको दक्षिणी भेगमा एउटा तिब्बती जातीय हस्तकला गाउँ छ । त्यो गाउँ ह फो टाउन्सिपको फु भन्ने स्थानमा पर्छ । त्यहाँ एउटा तीनतले सरल तथा कच्चा काठे भवन छ । त्यो हजारौं हस्तकला रहेको राष्ट्रस्तरीय अमूर्त सम्पदा स्कुल- ह फो जातीय हस्तकला स्कुल हो । उक्त काठे भवन नजिकै पुगेपछि केही कुरा पिटिरहेको जस्तो आवाज सुन्न पाइन्छ । साँघुरो काठे सिंढीबाट दोस्रो तलाको धातु हस्तकला कक्षा पुगिन्छ । त्यहाँ छ-सात जना धातु हस्तकलाकार र उनीहरूका विद्यार्थीले झ्यालअगाडि बसेर आफ्नो हातमा रहेको कलावस्तुमा ध्यान दिइरहेका देख्न पाइन्छ ।

ह फो धातु हस्तकलामा नै सुन, चाँदी, तामा आदि सामग्रीको आधारमा मुख्यतः हतियार, बुद्धमूर्ति, जीवनवस्तु र सिंगारका वस्तु



उत्पादन गरिन्छ । त्यसको इतिहास एक हजार तीन सय वर्षभन्दा लामो छ । किंवदन्ती अनुसार पहिला त्यहाँ तिब्बती जातिका बहादुर गेसारको सैन्य हतियार कारखाना थियो । ह फो धातु हस्तकलाको उत्पादन प्रक्रिया निकै जटिल छ । हरेक प्रक्रियाको तिब्बती जातीय सांस्कृतिक विशेषता छ । तीमध्ये सबभन्दा नामी भनेको तिब्बती चक्कु हो । यो धारिलो तथा सुन्दर छ त्यसैले ह फो तिब्बती चक्कुको व्यावहारिकताका साथै गहनाको रूपमा संकलित मूल्य पनि छ ।



# हस्तकलाले चिनिएको तिब्बती गाउँ





ह फो हस्तकलाको लामो इतिहास, गहिरो सम्पर्क आधार अनि विशेष जातीय विशेषता जोडेर उक्त हस्तकलालाई उर्वर कलात्मक जीवनशक्ति दिइएको छ । ह फो टाउन्शिपका अध्यक्ष च्याङ युङ स्याङ भन्छन्- हाम्रो ह फो टाउन्शिपका ५७१ परिवार र जनसंख्या तीन हजार आठ सय ८७ पुगेको छ । तीमध्ये चार सयभन्दा बढी परिवारले हस्तकलाको काम गर्छन् । लगभग हरेक परिवार एउटा घरेलु कार्यशाला हो ।

यत्रो कलाकार छन् तर स्थानीय सरकारले ठूलो परिमाणमा उत्पादन गर्दैन । उनीहरूको विचारमा परिवारको आधारमा उत्पादन र उत्तराधिकारी नै ह फोमा जातीय हस्तकलाको विशेष मौलिक सांस्कृतिक अन्तरिक्ष हो । स्थानीय पर्यटन ब्यूरोका प्रमुख ह्वाङ सिङ भन्छन्- त्यसको इतिहास एक हजार तीन सय वर्षभन्दा लामो छ । परिवारमा आधारित मौलिक सांस्कृतिक अन्तरिक्षलाई बिग्रन दिनु हुँदैन । किनभने हरेक परिवारको आफ्नो विशेष उत्पादित वस्तुहरु छन् । यो नै यहाँको मुख्य विशेषता हो ।

उक्त लोककलाको अझ राम्रोसँग संरक्षण तथा उत्तराधिकार गर्नका लागि सन् २००५ मा चीनको संस्कृति मन्त्रालयले ह फो तिब्बती जातीय धातु हस्तकलालाई राष्ट्रस्तरीय अमूर्त सांस्कृतिक सम्पदा सूचीमा राखेको थियो । त्यसपछिको सन् २०११ मा पाइ यु जिल्लाले ह फो टाउन्शिपमा कान च प्रिफेक्चर तिब्बती जातीय धातु हस्तकला स्कुल स्थापना गरेको थियो । त्यहाँ सिपालु हस्तकलाका कलाकार भेला भएर अनुभव आदान-प्रदान गर्छन् साथै उक्त हस्तकलामा रूचि भएका युवालाई पनि निःशुल्क तालिम दिइन्छ । त्यहाँ सिकेपछि युवाहरूले आफ्नो परिवारको उत्पादित स्तरलाई उकास्न सक्छन् । हरेक वर्ष स्कुलमा दुईवटा कक्षामा चालीस-पचास विद्यार्थी भर्ना हुन्छन् । ती विद्यार्थीको शिक्षण शुल्क पाइ यु जिल्ला सरकारले तिर्छ । यसबाहेक ह फो हस्तकला उत्तराधिकार गर्ने कलाकारलाई सरकारले पनि भत्ता प्रदान गर्छ । ह्वाङ सिङले भन्छन्- राष्ट्रस्तरीय कलाकारलाई देशले हरेक वर्ष दश हजार चिनियाँ युआनको भत्ता प्रदान गर्छ । अनि प्रान्तस्तरीयलाई हरेक वर्ष चार हजार युआन दिइन्छ । सरकारले स्कुल स्थापना गर्न समर्थन दिन्छ । हरेक वर्ष पन्ध्र-बीस हजार चिनियाँ युआनको भत्ता पनि दिन्छ ।

सरकारको नैतिक समर्थन र रकम सहायक भएकोले ह फो हस्तकलाकारले हस्तकलामा अझै ध्यान दिन सक्छन् । तर हाल यत्रो सानदार तथा विशेष हस्तकला वस्तुको ठूलो बजार छैन । यातायातको अवस्था राम्रो नहुनु नै त्यसको महत्वपूर्ण कारणमध्ये एक हो । अध्यक्ष च्याङ युङ भन्छन्- हामीले उत्पादन गरेका वस्तु सानदार छ तर यहाँ यातायातको राम्रो सुविधा छैन । पर्यटक पनि थोरै आउँछन् । भविष्यमा राजमार्ग बनाएपछि धेरै पर्यटक यहाँ घुम्न आउने अनि हाम्रो जातीय हस्तकला वस्तुप्रति धेरै आकर्षित हुने मेरो विश्वास छ । त्यसो भएर हाम्रा उत्पादित वस्तुलाई प्रचार-प्रसार गर्न सकिन्छ अनि ह फो जातीय हस्तकला चर्चित पनि हुनसक्छ ।

सन् २०१२ देखि कान च प्रिफेक्चरमा तीन वर्षसम्म यातायात सुधार योजना सुरू भयो । सन् २०१५ सम्म सुविधा राजमार्ग पाइ यु जिल्लामा पुग्छ अनि ह फो हस्तकलाकारको पनि उन्नति हुनेछ । यसबाहेक पाइ यु जिल्लाको ह फो टाउन्शिपको फु मा गाउँमा पर्ने उक्त काठे भवनमा ह फो बासिन्दाको ठूलै सपना बोकेको छ- उनीहरूले पर्यटकलाई यहाँ भित्र्याउने आशा मात्रै लिएका छैनन् तर आफू बाहिर पुग्ने आशा पनि लिन्छन् । बाहिर निस्केर विश्वका विभिन्न ठाउँमा ह फो हस्तकलाको पसल खोल्ने उनीहरूको आशा छ, जसबाट सबैले आफ्नो घरको छेउमा ह फो हस्तकला वस्तु हेर्न तथा किन्न पाउँछन् । *(साभार : सीआरआई नेपाली सेवा)*



# कलात्मक गाँठो र लालटिन

**चेतनाथ आचार्य**

चिनियाँ प्रचलन र संस्कृतिमा रातो रङको छुट्टै महत्व छ । चिनियाँ झण्डा रातो छ र चिनियाँ सरकारी चिन्ह पनि रातै रङको छ । कसैको स्वागतमा अथवा कसैलाई शुभकामना दिनका लागि पनि रातो ब्यानरमा सुनौला अक्षरले लेख्ने प्रचलन छ । मृत्यु संस्कार र समवेदनामा भने रातो रङ निषेधित छ । चिनियाँ संस्कृतिमा विभिन्न प्रकारका रङले फरक अर्थ बोकेका हुन्छन् । रातो रङ असल भाग्यको प्रतीक मानिन्छ भने गुलावी रङ मनोरञ्जनको प्रतीक हो । त्यसैगरी आरूजस्तो रातो रङलाई निर्णय र अवसरको प्रतीक मानिन्छ । सुन्तले रङले पैसाको प्रतिनिधित्व गर्छ अनि पहेँलो रङले चाहिँ परीक्षा अथवा जागिरको सफलताको सन्देश दिन्छ । सेतो रङ स्वास्थ्यको प्रतीक हो र हल्का हरियो रङ वृद्धिको प्रतीक हो । हल्का नीलो रङलाई आशा पूर्ति हुने प्रतीकका रूपमा लिइन्छ र हल्का बैजनीलाई आदर्शको प्रतीक मानिन्छ ।

चीनमा खुसी मनाउन, शुभकामना आदानप्रदान गर्न, सफलता व्यक्त गर्न, स्वागत गर्न, बिदाइ गर्न सबैतिर रातो रङको बाहुल्य रहन्छ । अनि परम्परागत संस्कृतिमा रातो रङसँगै अपरिहार्य रूपमा आउने दुईवटा बस्तु हुन्- चिनियाँ कलात्मक गाँठो र लालटिन । चीनमा मात्र नभएर संसारभरि नै चिनियाँ रेष्टुरेन्ट, चिनियाँ नियोग, चिनियाँ व्यावसायिक केन्द्र, चिनियाँ वायुसेवा कम्पनी लगायतका ठाउँमा रातो रङमा चिनियाँ कलात्मक गाँठो र लालटिन देख्न सकिन्छ । झट्ट हेर्दा सजावटका सामान जस्तो मात्र लाग्ने यी दुई चिजबिना चिनियाँ खुसी र सफलता अपूरो रहन्छ । किनभने यी वस्तुको चिनियाँ संस्कृतिमा निकै महत्व रहेको छ ।

## कलात्मक गाँठो

चिनियाँ कलात्मक गाँठोलाई सजावटको हस्तकला मानिन्छ । चिनियाँ भाषामा यसलाई चुंगच्वे भनिन्छ । यसको अर्थ हो चिनियाँ गाँठो । तर यसलाई चिनियाँ गाँठो मात्र नभनेर चिनियाँ कलात्मक गाँठो भन्दा सुमधुर सुनिन्छ । गाँठो त जोसुकैले सजिलै बनाउन सक्छन् तर चिनियाँ गाँठो बनाउनका लागि विशेष ज्ञान आवश्यक पर्छ र यो अत्यन्त आकर्षक भएकाले 'कलात्मक गाँठो' भनिएको हो ।

चिनियाँहरूले कलात्मक गाँठोलाई कारमा झुण्ड्याउने, घरको झ्याल अथवा ढोकामा झुण्ड्याउने, हाते झोलामा झुण्ड्याउने, घरको पर्खाल अथवा दराजमा झुण्ड्याउने गर्छन् । यसरी कलात्मक गाँठो राख्नुको मुख्य कारण असल भाग्य, शुभेच्छा प्रकट, खुशी, समृद्धि, वैभव, सफलता र प्रगतिको संकेत गर्नु हो । बजारमा यस्ता चिनियाँ कलात्मक गाँठो प्रशवस्त किन्न पाइन्छ । साँचो बोक्ने रिंगदेखि विभिन्न उपहारमा चिनियाँ कलात्मक गाँठो राखिएको हुन्छ ।

चिनियाँ कलात्मक गाँठोको इतिहास एक लाख वर्षभन्दा पुरानो रहेको छ । सन् ९६० देखि १२७९ को अवधिमा चीनमा तांग र सोंग वंशको शासनकालमा चिनियाँ गाँठोलाई व्यापक रूपमा प्रचलनमा ल्याइयो । पछि मिंग वंशको शासनकालमा यो अझै लोकप्रिय भयो । पुरातात्विक अध्ययन अनुसार एक लाख वर्षपहिले चीनमा हड्डीबाट बनेका लुगा सिलाउने सियो र काँटाबाट कलात्मक गाँठाहरु बनाइन्थे । गाँठो बनाउन प्रयोग हुने धागोलाई ड्रागनको प्रतीकात्मक मानिने हुनाले चिनियाँ कलात्मक गाँठोलाई पवित्र हस्तकलाका रूपमा पनि लिने गरिन्छ । चिनियाँ साहित्य, कविता, निजी चिठी जस्ता कुरामा त्यस्ता चिनियाँ कलात्मक गाँठाहरूको वर्णन गरेको पाइन्छ । अठारौँ शताब्दीमा प्रकाशित 'रातो सभाघरको सपना' उपन्यासमा चिनियाँ कलात्मक गाँठोका बारेमा विस्तृत वर्णन गरिएको छ ।

सन् १९१२ मा चीन गणतन्त्र भएदेखि सन् १९७६ मा सांस्कृतिक क्रान्तिको समापनसम्मको अवधिमा चीनमा थुप्रै सांस्कृतिक परम्परा नाश भए । सांस्कृतिक क्रान्तिको अवधिमा त चिनियाँ चङ्गाको परम्परासँगै चिनियाँ कलात्मक गाँठो र चिनियाँ लालटिनको प्रयोगमा एक प्रकारको प्रतिबन्ध लगाइएको थियो । सन् १९८० को दशकपछि चीन सरकारले चिनियाँ संस्कृतिको संवर्द्धन र प्रवर्द्धन गर्न थालेपछि फेरि सांस्कृतिक मान्यताहरु लोकप्रिय हुन थाले ।

चिनियाँ कलात्मक गाँठोलाई आधारभूत रूपमा एघार प्रकारमा वर्गीकरण गर्न सकिन्छ । ती आधारभूत गाँठालाई जोडेर अरू जटिल गाँठा पनि बनाउन सकिन्छ । गाँठाको आकृति अनुसार पनि पुतली, फूल, चरा, ड्रागन, माछा र जुत्तासम्म बनाउन सकिन्छ । हिजोआज सुन, चाँदीका गहना पनि चिनियाँ कलात्मक गाँठाको आकृतिमा बनाउन थालिएको छ ।

परम्परागत चिनियाँ पोशाकमा चिनियाँ कलात्मक गाँठोलाई विभिन्न रूपमा पनि प्रयोग गरिन्थ्यो । यसलाई शुद्ध सौन्दर्यका रूपमा महिला तथा पुरुषका पोशाकहरु ज्याकेट, रात्रिपोशाक, पटुका, टाँक, शृङ्गार आदिमा प्रयोग हुन्थ्यो । चिनियाँ गाँठोको टाँक हड्डीको टाँकभन्दा लामो समय टिक्ने मानिन्थ्यो । त्यसैगरी विभिन्न बहुमूल्य धातुका माला र बाद्यवादन यन्त्र पनि यस्ता कलात्मक गाँठाहरूले सिँगारिएका हुन्छन् । तरबार, जग,



ऐनालाई सजाउन पनि यस्ता हस्तकलाका कलात्मक गाँठाको प्रयोग हुने गरेको छ । अहिले पनि चिनियाँहरु आपसमा प्रेम साटासाट गर्दा, सुस्वास्थ्यको कामना गर्दा, दीर्घायुको कामना गर्दा र मित्रता निर्वाह गर्दा चिनियाँ परम्परागत कलात्मक गाँठो उपहार दिने गर्छन् ।

## लालटिन

चिनियाँ कलात्मक गाँठोजस्तै चिनियाँ संस्कृतिमा लालटिनको भूमिका पनि महत्वपूर्ण रहेको छ । धेरैजसो चिनियाँ लालटिन रातो रङमा अण्डाकारमा बनेका हुन्छन् । लालटिन बनाउनका लागि बाँस, काठ, स्टिल, बेत जस्ता सामग्री प्रयोग हुन्छ । अनि त्यसमा वरिपरिबाट रातो कागज अथवा रेशमी रातो कपडाले बेरिन्छ । खासमा हावाको झोक्काबाट बत्ती ननिभोस् भनेर लालटिन बनाउने प्रचलन भएको हो । हिजोआज यसभित्र बत्ती राख्नेभन्दा पनि यसलाई सजावटका लागि प्रयोग गरिन्छ । चिनियाँ नयाँ वर्ष वसन्त चाडमा सबैभन्दा धेरै लालटिनको प्रयोग गरिन्छ । त्यसकारण यसलाई लालटिन उत्सव पनि भनिन्छ । पहिले पहिले धनीमानीका घरकम्पाउण्डमा लालटिनहरु झुण्ड्याइएका हुन्थे । यसले उनीहरुको इज्जत र शान झल्कन्थ्यो । घरभित्र पसेपछि उज्यालोका लागि राखिएका बत्तीसँगै यसको सौन्दर्य अत्यन्त मनमोहक हुन्थ्यो ।

आधुनिक युगमा चिनियाँ लालटिनका विषयमा थुप्रै कविता, उपन्यास, चलचित्र, चित्रकला, गीत तथा नृत्यहरु सिर्जना भएका छन् । चिनियाँ लालटिन उत्सवमा गाउँखाने कथा प्रतियोगिता पनि आयोजना हुने गर्छ । परम्परादेखि नै चल्दै आएको यो लोकसंस्कृति चिनियाँ समाजमा निकै रमाइलो छ । पहिले पहिले चिनियाँहरु आफ्नो घरको प्रवेशद्वारमा रङ्गीचङ्गी लालटिनहरु झुण्ड्याउँथे । त्यसरी झुण्ड्याइएका लालटिनसँग साना साना कागजका टुक्रामा गाउँखाने कथाका प्रश्न तथा रहस्यहरू राखिएका हुन्थे । उत्तर दिने व्यक्तिले अन्दाजका भरमा कुनै शब्द, कविता अथवा अनुच्छेदमा दिनुपर्दथ्यो । यसो गर्दा लालटिन उत्सव रोमाञ्चक, आकर्षक, अन्तरक्रियात्मक र ज्ञानवर्द्धक हुन्थ्यो । यो चलन अहिले पनि चिनियाँ संस्कृतिमा रहेको छ । लालटिन उत्सवमा बालबालिकाहरु लालटिन बोकेर मन्दिर अथवा कुनै पार्कमा जान्छन् र गाउँखाने कथाको उत्तर लेख्ने गर्छन् । चिनियाँ चरित्र देखाउनका लागि पनि चिनियाँ लालटिनलाई प्रयोग गर्न गरिन्छ । कुनै चिनियाँ नियोगका कार्यालय, चिनियाँ रेष्टुरेन्ट, चिनियाँ व्यावसायिक कार्यालय अथवा निजी घरमा यस्ता लालटिनहरु देखिन्छन् । विशेष गरी चिनियाँ नयाँ वर्ष लगायतका पर्वमा चिनियाँ लालटिनलाई अनिवार्य टाँग्ने गरिन्छ ।

चिनियाँ लालटिन उत्सव र यसको उत्पत्तिका बारेमा विभिन्न मिथकहरु प्रचलनमा रहेका छन् । चिनियाँ नयाँ वर्षदेखि जाडो ओरालो लाग्ने र वसन्त ऋतु सुरू हुने भएकाले त्यसको स्वागतमा लालटिनको प्रयोग हुन थालेको भनाइ रहेको छ भने दुई हजार वर्ष पहिले हान वंशले उत्तर क्षेत्रमा रहेको ध्रुवताराको प्रतीकका रूपमा लालटिनको पूजा गर्ने प्रचलन बसाए । त्यसैगरी स्वर्गका देवताका प्रतीकका रूपमा पनि यसलाई लिइन्छ । स्वर्गबाट एउटा सुन्दर सारस धर्तीमा आएको थियो । तर कुनै गाउँलेले त्यो सारसलाई मारिदियो । स्वर्गका राजाको प्रिय चरालाई गाउँलेले मारेपछि ती राजाले त्यो गाउँलाई नै ध्वस्त बनाउने घोषणा गरे । राजाकी छोरीले थाहा पाएर गाउँलेलाई बच्न सुझाव दिइन् । कसरी बच्ने भन्ने कुरा गाउँलेलाई थाहा नभएकाले सबै अलमलमा परे । एकजना विद्वानले सबैले घरघरमा रातो लालटिन बालेर गाउँलाई नै सजाउने र रातभर आतसवाजी गर्ने सल्लाह दिए । उनीहरूले त्यसरी नै सबैतिर रातो लालटिनले गाउँलाई सजाए । रातभर आतसवाजी पनि गरे । स्वर्गबाट राजाले सेनालाई गाउँलाई सखाप बनाउन पठाएका थिए । स्वर्गका सेना आइपुग्दा गाउँमा चारैतिर लालटिन राखेर अगाडि नै आगो लागेजस्तो बनाइएको थियो । उनीहरु फर्किएर गाउँमा त पहिले नै आगो लागिसकेको रहेछ भन्ने खबर राजालाई दिए । यसरी लालटिनले गाउँलाई जोगाएको दन्त्यकथामा आधारित भएर चीनमा अहिले पनि लालटिन उत्सवको आयोजना गरिन्छ ।

हिजोआज काठमाडौँको बालुवाटारस्थित चिनियाँ दूतावासमा मात्र होइन ठमेल क्षेत्रमा चिनियाँ व्यावसायिक केन्द्रहरूमा पनि यस प्रकारका लालटिनहरु झुण्ड्याइएको देखिन्छ । फोटोमा देखिएजस्तो लालटिन कतै देखियो भने यो चीन र चिनियाँ संस्कृतिसँग सम्बन्धित छ भनेर सजिलै थाहा पाउन सकिन्छ ।

*लेखक चिनियाँ अन्तर्राष्ट्रिय रेडियो सीआरआई नेपाली सेवा बेइजिङमा विदेशी विशेषज्ञका रूपमा कार्यरत छन् ।*

# रोमान्टिक पियानो वादक



सन् २००० अक्टोबरमा ली युन दि चीनको तर्फबाट उच्चस्तरीय पियानो प्रतियोगिता अर्थात् अन्तर्राष्ट्रिय चोपिन पियानो प्रतियोगितामा सहभागी भएका थिए । अन्तर्राष्ट्रिय चोपिन पियानो प्रतियोगितालाई पियानो ओलम्पिक नै मान्ने गरिन्छ । यो प्रतियोगिता हरेक पाँच वर्षमा एक पटक आयोजना गर्ने गरिन्छ । ली युन दि लगातार पन्ध्र वर्षसम्म स्वर्ण पुरस्कार जितेर मूल्यांकन नगरिएको रेकर्ड भंग गरी च्याम्पियन बन्न सफल भए । उनी अन्तर्राष्ट्रिय चोपिन पियानो प्रतियोगिताका सबैभन्दा कान्छो च्याम्पियन र यो पुरस्कार जित्ने प्रथम चिनियाँ हुन् । उनले मातृभूमिका लागि प्रतिष्ठा दिलाएका छन् । उनी अन्तर्राष्ट्रिय संगीत मञ्चद्वारा 'चीनको संगीत क्षेत्रको कोसेढुंगा' कहलाएका छन् ।

ली युन दिको जन्म सन् १९८२ अक्टोबर ७ का दिन चीनको छुङ छिङमा भएको थियो । सात वर्षको हुँदा उनले पियानो बजाउन थालेका थिए । सन् १९९२ देखि सन् १९९९ सम्म उनले अनेकौं अन्तर्राष्ट्रिय र चिनियाँ पियानो प्रतियोगिताहरूमा भाग लिएर पुरस्कारहरु जितेका थिए ।

पियानो क्षेत्रको सर्वोच्च प्रतियोगिता जिते पनि उनमा कुनै घमण्ड छैन । सन् २००१ मा उनी जर्मनीस्थित हानोवर संगीत, नाटक र मिडिया विश्वविद्यालय अध्ययन गर्न त्यसतर्फ गए । यस विश्वविद्यालयमा अध्ययन गर्दा ली युन दिका गुरू इजरेली प्रसिद्ध पियानो वादक अरी वार्ड थिए । सन् २००६ मा ली युन दि उत्कृष्ट उपलब्धिमा त्यहाँ स्नातक उत्तीर्ण भए । सोही वर्ष ली युन दिले स्नातक भएपछि पहिलो स्वदेशी कन्सर्टको आयोजना



गरी हानोवरमा अध्ययन गरेको पाँच वर्षको उपलब्धि प्रदर्शन गरे । हालसम्म ली युन दिले उनको लक्ष्य साकार तुल्याउन प्रयास गरिरहेका छन् । पश्चिमी संगीत मिलाएर चीनको सँस्कृति र कलालाई निरन्तरता दिने र चोपिनजस्तै 'मातृभूमिलाई माया गर्ने संगीतकार बन्ने' लक्ष्य उनले लिएका छन् ।

उत्कृष्ट सांगीतिक क्षमता र पियानो बजाउने उत्कृष्ट स्तरको कारण ली युन दिले हरेक वर्ष यूरोप, अमेरिका र एशियाका सबैभन्दा प्रसिद्ध कन्सर्ट हलहरूमा कन्सर्ट आयोजनाको निमन्त्रणा पाउने गरेका छन् । उनले विश्वका तीसभन्दा बढी मुलुकका दुई सयभन्दा बढी शहरमा कन्सर्टको आयोजना गरिसकेका छन् । जस्तै भियना सुनौलो हल, बर्लिन कन्सर्ट हल, न्यूयोर्क कार्नेजी हल, लण्डन शाही पर्व हल, चिनियाँ राष्ट्रिय कला प्रदर्शन केन्द्र, जापानको सुन्तोरी हल आदि । पश्चिमा मुलुकहरूमा ली युन दिलाई 'रोमान्टिक समूहका पियानो उत्तराधिकारी' मानिएको छ ।

सन् २०१० मा ली युन दिलाई पोल्याण्ड सरकारले पोल्याण्डको सर्वोच्च इज्जत पुरस्कार 'प्रतिष्ठित कला' नामक सांस्कृतिक पदक प्रदान गरेको थियो । उनी यस पुरस्कार पाउने प्रथम चिनियाँ बनेका छन् । विश्वमा उनका धेरै फ्यानहरु छन् । उनी रोलेक्स, बन्च आदि प्रसिद्ध ट्रेड मार्कहरूका दूत बनेका छन् । विश्वको प्रसिद्ध सञ्चार-माध्यम न्यूयोर्क टाइम्सले ली युन दिको सांगीतिक क्षमताको प्रशंसा गऱ्यो र उनलाई वर्तमान कालका सबैभन्दा रोमान्टिक पियानो वादकको उपाधि दियो ।



संगीत-कलाबाहेक ली युन दि संगीतको शिक्षण कार्यमा पनि संलग्न छन् । सन् २००४ मा उनलाई पैचिंग नोमल विश्वविद्यालयको अतिथि प्राध्यापकका रूपमा नियुक्त गरियो । सन् २००६ मा उनलाई सांघाई संगीत कलेजमा मानार्थ प्राध्यापकका रूपमा नियुक्त गरियो । उनी लण्डन शाही संगीत कलेज र क्याम्ब्रिज विश्वविद्यालयमा विद्यार्थीहरूका लागि कक्षा लिने गर्छन् । सन् २०१२ मा ली युन दि स छ्वान संगीत कलेजअन्तर्गत पियानो कला प्रतिष्ठानका उपप्रमुख र प्राध्यापक पनि बने ।

ली युन दिले संगीत र संस्कृति क्षेत्रमा योगदान गर्नेबाहेक सार्वजनिक हितका कार्यमा पनि सक्रियताका साथ हात हालेका छन् । उनले धेरै पटक परोपकारमूलक कार्यक्रमको आयोजना गरेका छन् । उनले हु नान प्रान्तीय ग्रामीण क्षेत्रका बालबालिकालाई संगीत कक्षाका लागि चन्दा पनि दिएका छन् ।

चीन र अझ एशियामा ली यु दिले इतिहास नै खडा गरेका छन् । संगीत र संस्कृतिको नमूनाको हैसियतमा उनले लोक संगीतको नयाँ प्रवाह निर्देशन गरे । उनी युवा जगतको एक उत्कृष्ट उदाहरण पनि बनेका छन् ।

*(साभार : सीआरआई नेपाली सेवा)*

उत्कृष्ट सांगीतिक क्षमता र पियानो बजाउने उत्कृष्ट स्तरको कारण ली युन दिले हरेक वर्ष यूरोप, अमेरिका र एशियाका सबैभन्दा प्रसिद्ध कन्सर्ट हलहरूमा कन्सर्ट आयोजनाको निमन्त्रणा पाउने गरेका छन्। उनले विश्वका तीसभन्दा बढी मुलुकका दुई सयभन्दा बढी शहरमा कन्सर्टको आयोजना गरिसकेका छन्। पश्चिमा मुलुकहरूमा ली युन दिलाई 'रोमान्टिक समूहका पियानो उत्तराधिकारी' मानिएको छ।

विश्वमा उनका धेरै फ्यानहरू छन्। उनी रोलेक्स, बन्च आदि प्रसिद्ध ट्रेड मार्कहरूका दूत बनेका छन्। विश्वको प्रसिद्ध सञ्चार-माध्यम न्यूयोर्क टाइम्सले ली युन दिको सांगीतिक क्षमताको प्रशंसा गऱ्यो र उनलाई वर्तमान कालका सबैभन्दा रोमान्टिक पियानो वादकको उपाधि दियो।



कालजयी गीतका सदाबहार गायक आनन्द कार्कीको एकल साँझ जेठ १२ गते सम्पन्न भएको छ । गायक कार्कीको जन्मथलो विश्वको उच्च शिखर सगरमाथाको फेदीमा रहेको सोलुखुम्बु प्रतिष्ठान नेपालको मेडिकल ट्रष्टको सहयोगार्थ पहिलो पल्ट उक्त एकल साँझ गरिएको थियो । काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा एकल साँझ गरेर समाज-सेवामा प्रत्यक्ष संलग्न बनेका गायक कार्की कार्यक्रममा आफ्ना सदाबहार नयाँ तथा पुराना कालजयी गीत प्रस्तुत गरेर कतिपय समयमा नचाउन सफलता प्राप्त गरे भने धेरै समय दर्शकलाई भावुक बनाउन सफल बनेको पाइयो । गुरू बन्दनाबाट प्रारम्भ भएको आनन्द कार्की एकल साँझमा कार्कीको १० मिनेट लामो वृत्तचित्र समेत प्रस्तुत गरिएको थियो ।

कुनै नायकभन्दा कम नदेखिने सदा मुस्कुराइरहने गायकका रूपमा चिनिने यिनै गायक कार्की जेठको अन्तिम साताको एक साँझ काठमाडौंको अनामनगरस्थित बाजेको सेकुवामा उही आनन्दमय मुस्कानका साथ हट नेपाल टीमसँग अनौपचारिक भलाकुसारीमा संलग्न थिए । गायकभन्दा नायक हुनुपर्ने जीउडाल तथा अनुहारको प्रसंगमा केही वर्ष अगाडि सिंगापुरमा रहँदा त्यहाँ हिरो बन्ने सोचभन्दा स्वस्थ बन्नको लागि नियमित रूपमा व्यायाम ट्रेनिङ नै लिएर ज्यान बनाएको तथा पाखुरा झण्डै सिक्स प्याक बनाउन सफलता प्राप्त गरेको कार्कीले बताए ।

लामो समय सिंगापुर बस्नुको पछाडि राजदरबार हत्याकाण्डपछि मुलुकको राजनीतिमा आएको अस्थिरता र अव्यवस्थाले गर्दा जतातत‍ै व्यापक असर पारेको कारण जिम्मेवार रहेको उनी जानकारी दिन्छन् । राजनीतिक अस्थिरता र द्वन्द्वको प्रत्यक्ष असर नेपाली सांगीतिक उद्योगमा समेत पर्‍यो । सिंगापुरको कार्यक्रमको सिलसिलामा त्यहाँ पुग्दा साथीभाइकै करबल तथा सल्लाहले त्यहाँ सांगीतिक कार्यक्रम प्रस्तुत गर्न थाले । नेपालका आनन्द कार्की भनेर त्यहाँ नेपाल चिनाउने कार्य गरेर पछि नेपालमा नै फर्केर सांगीतिक श्रीवृद्धि गर्ने कार्यमा निरन्तर लागिरहेको उनले बताए । उनी भन्छन्- 'मलाई भ्याइनभ्याइ नचाहिने होहल्ला तथा स्क्याण्डल मच्चाएर काम गर्नु छैन । वर्षमा एउटासम्म एल्बम

# आनन्दमय आनन्द कार्कीको सांगीतिक आरोहण

तथा कुनै-कुनै कार्यक्रम गरेर आनन्द कार्की पनि नेपाली सांगीतिक उद्योगमा निरन्तर क्रियाशील रहेको छ भन्ने जानकारी श्रोता तथा दर्शकमाझ पुऱ्याउने उद्देश्यनुरूप यो वर्ष पहिलोपल्ट एकल साँझ कार्यक्रम गरेको हुँ ।'

तीन दशक लामो सांगीतिक यात्रा तय गरिसकेका गायक कार्कीले हालसम्म २ हजार ५ सयभन्दा बढी गीत गाइसकेका छन् । भारतको लखनउस्थित विश्वप्रसिद्ध भातखण्डे संगीत महाविद्यालयबाट प्रसिद्ध सांगीतिक गुरू धर्मपाल पदगप्पाबाट दीक्षित कार्कीले नेपालका प्रसिद्ध सांगीतिक उस्तादहरु नरराज ढकाल, चन्दन श्रेष्ठ, पण्डित जसराज लगायतबाट सांगीतिक दीक्षा पाएका छन् । उनले संगीतमा विसारद गरेका छन् । त्यो बेला कार्कीका पिता विष्णुबहादुर कार्की भारतीय सेनामा अधिकृत भएकाले भारतको पहिलो र प्रसिद्ध सिङ्गिङ् रियालिटी-शो जीटिभीको सारेगममा भाग लिएर प्रथम बनेको त्यो क्षणलाई उनले सधैं सम्झिने गरेका छन् ।



जीटिभीले लण्डनमा आयोजना गरेको उक्त प्रतिस्पर्धात्मक कार्यक्रममा किशोरकुमारका गीतहरु हुबहु गाएर तहल्का मच्चाएका कार्कीको निर्णायक मण्डलका प्रसिद्ध भारतीय गजल उस्ताद गुलाम अली तथा रुना लैलाबाट समेत व्यापक तारिफ गरेको ऐतिहासिक त्यो क्षण जिन्दगीकै अनुपम क्षणको रूपमा उनले लिएका छन् । त्यसको अलावा जीटिभीको सारेगमबाट विश्वभर एकसाथ चिनिएका उनलाई भारतमा स्थायी बसोबास गरेर त्यहीं सांगीतिक करियर अघि बढाउन थुप्रै अवसर मिलेको थियो । त्यो मौका र अवसरलाई बेवास्ता गरेर नेपालमा नै बसेर भारतीय प्रसिद्ध कालजयी गीतका गायक किशोर कुमारका फ्यान कार्कीले किशोर कुमारको श्रद्धान्जली स्वरूप किशोर कुमारकै गीत संगृहीत गरेर गीति-एल्वम निकालेर नौलो प्रस्तुति दिएका थिए । सोही बेला तीन हिन्दी फिल्म र आठ वटा हिन्दी टेलिसिरियलमा पार्श्व स्वर दिएका उनको अद्‌भूत र ओजपूर्ण स्वरको तत्कालीन चलेका नायक जैकी श्राफ, गायक सोनु निगम, संगीतकार बप्पी लहरी, गायक कुमार सानु मात्र होइन भारतस्थित नेपाली गायक उदितनारायण झा र गायिका दीपानारायण झाले पनि व्यापक प्रशंसा गरेर भारतमै बस्न आग्रह गरेको प्रसंगलाई उनले सम्झिए ।

कार्कीको स्वरको कदर गर्दै विश्वप्रसिद्ध भारतीय संगीत कम्पनी टी-सिरिजले उनको स्वरमा हिन्दी एकल एल्वम 'महकी सी हवाएँ' बजारमा ल्याएको थियो । जसले भारतीय संगीतमा धुम मच्चाउन सफलता प्राप्त गरेको त्यो क्षणलाई अझै भुल्न नसकेको उनले बताए । भारतमा यसरी विभिन्न किसिमबाट अवसरहरु प्राप्त भइरहे पनि नेपालमा नै बसेर नेपाली मन र मुटुका राष्ट्रिय गीत, भजन,



गजल, पप तथा आधुनिक र नेपाली चलचित्रका गीत गाउनमा नै कार्की रमाए । १४ वटा आधुनिक एकल गीति-संग्रह, ३ वटा भजन संग्रह तथा नेपाली चलचित्रमा २ सयभन्दा बढी गीत गाइसकेका छन् । लण्डन, डेनमार्क, जापान, बैंकक, सिंगापुर, कतार, हङकङ, देहरादुन, चण्डीगढ, दिल्ली, मुम्बई, पाकिस्तान लगायत विश्वका थुप्रै स्थानमा एकल प्रस्तुति दिएपछि उनले नेपालमा पहिलो पल्ट एकल साँझ गरेका थिए ।

**तीन दशक लामो सांगीतिक यात्रा तय गरिसकेका गायक कार्कीले हालसम्म २ हजार ५ सयभन्दा बढी गीत गाइसकेका छन् । भारतको लखनउस्थित विश्वप्रसिद्ध भातखण्डे संगीत महाविद्यालयबाट प्रसिद्ध सांगीतिक गुरु धर्मपाल पदगप्पाबाट दीक्षित कार्कीले नेपालका प्रसिद्ध सांगीतिक उस्तादहरू नरराज ढकाल, चन्दन श्रेष्ठ, पण्डित जसराजलगायतबाट सांगीतिक दीक्षा पाएका छन् ।**



Wood Carving Industries Pvt. Ltd.
Patan Industrial Estate, Lagankhel, Lalitpur, Nepal
Tel:977-1-5521447, 5523768 Fax: 977-1-5527730
Email: info@woodcarving.com.np
www.woodcarving.com.np



आषाढ महिना यो वर्ष, जतातते विश्वकपको हर्ष
timesFM 90·6MHz
Brasil 2014
WORLD CUP FEVER
FROM 12TH JUNE 2014
Everyday
Exclusive News Coverage and match analysis
goalnepal.com
Morning 5-6am
Goalnepal.com World Cup Special in Pop Nepal for last night matches review.
emami FAIR AND HANDSOME
Afternoon 4-5pm
Emami Fair & Handsome Player @ Your College in Selected Pop for Live Interactions in 20 different colleges.
FUTSAL
Evening 7-8 Time
World Cup Fun Time
LIVE Match analysis with football lovers.
timesFM 90·6MHz

# A COLORFUL **FUTURE AHEAD**

## Unique Chance to Change Your Parlour to Beauty Academy

Get Experienced, Successful, Professional Make Up, Artist/Hair Stylist as your mentor




SILVER FACIAL KIT




FACIAL KIT FOR BLEMISHED SKIN




GOLD FACIAL KIT




HAIR KIT FOR SPA




FRUIT FACIAL KIT




DIAMOND GLOW FACIAL KIT




BODY KIT FOR SPA




PEARL FACIAL KIT




Facial Kit
PIMPLE / ACNE PRONE SKIN




Facial Kit
INSTANT GLOW



**Impulse Trading Pvt. Ltd.**

Khichapokhari, Kathmandu, Nepal | Phone: 977-01-4254081

Biratnagar: Aryan Store
Ramesh- 9842088845, 9842494727

Butwal: Shree Asta Vinayak Traders
Santosh- 9807495773

Narayanghat: Aakriti Sukriti Beauty Parlour
9845244451

जि.प्र.का. काठमाडौं द.नं. २१६/२०७०/०७१

